"सुदृढ लोकतन्त्र, समृद्ध समाज र स्वाधिन राष्ट्र"

चुनाव चिन्ह आँखा

## प्रतिनिधिसभा निर्वाचन

# प्रतिबद्धतापत्र - २०८२

शिलापत्र

"आँखा खोलौं, अग्रगामी विचारसहितको विकल्प रोजौं !"

## प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)

# विषय सूचि

**खण्ड– १ : विचार र राजनीति दृष्टिकोण**

१.१ प्रारम्भ

१.२ प्रगतिशील लोकतन्त्र

१.३ प्रगतिशील लोकतान्त्रिक पार्टीः अन्य पार्टीहरूभन्दा कसरी फरक ?

**खण्ड २ : प्रमुख प्रतिबद्धता**

२.१ अग्रगामी समाजवादी विचारसहितको राजनीतिक विकल्प, समानुपातिक–समावेशी तथा सहभागितामूलक लोकतन्त्र

२.२ राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्ध

२.३ राजनीतिक स्थायित्व र लोकतन्त्र

२.४ राज्यको पुनर्संरचना र संघीयताको सुदृढीकरण

२.५ सुशासन र सदाचार

२.६ अवस्था परिर्वतन–विकास र समतामूलक समृद्धि

२.७ समाजवादको आधार

**खण्ड ३ : प्रतिवद्धता**

३.१ 'अग्रगामी समाजवाद' प्रलोपाको दृढता

३.२ समानुपातिक–समावेशी

३.३ स्वाधिनता, राष्ट्रिय सुरक्षा र अन्तराष्ट्रिय सम्बन्ध

क) राष्ट्रिय सुरक्षा

ख) समानता र स्वतन्त्रताको पक्षधर

ग) नयाँ विश्वदृष्टिकोण

घ) पञ्चशीलको सिद्धान्त

ङ) अन्तर्राष्ट्रिय सम्बन्ध

३.४ संविधान संशोधन र राजनीतिक स्थायित्व

३.५ राज्यको पुनर्संरचना र संघीयताको सुदृढीकरण

क) राज्यको पुनर्संरचना र संघीयताको सुदृढीकरण

ख) अधिकार बाँडफाँडको पुनरावलोकन

शिलापत्र

ग) स्थानीय तहको सबलीकरण

घ) प्रभावकारी प्रादेशिक संरचना

३.६ स्रोतसाधनको बाँडफाँड

३.७ प्रभावकारी प्रशासनिक सेवा

३.८ सुशासन र सदाचार

३.९ न्यायलयको रूपान्तरण

३.१० निर्वाचन प्रणालीको रूपान्तरण

३.११ सुरक्षा अंगको पुनर्संरचना

३.१२ देशको अवस्था परिवर्तन

क) विकास र समृद्धि- लक्ष्य

ख) लक्ष्य कसरी प्राप्त हुन्छ ?

ग) समतामूलक समृद्धिका आयाम

घ) समतामूलक समृद्धि

ङ) तीव्र आर्थिक वृद्धिमार्फत् रोजगारी सिर्जना

च) आत्मनिर्भर अर्थतन्त्र निर्माण

छ) उर्जामा आत्मनिर्भर

शिलापत्र

ज) औद्योगिक क्षेत्रको उत्थान/पुनःउत्थान

झ) निर्यात वृद्धि तथा व्यापार विविधिकरण

ञ) वन तथा जडिबुटीको वैज्ञानिक प्रयोग

ट) पर्यटन प्रवर्द्धनमार्फत् विदेशी मुद्रा आर्जन

ठ) विज्ञान-प्रविधि र अनुसन्धान

ड) द्रुत आर्थिक विकासका लागि रणनीतिक पूर्वाधारहरूको गुणस्तरीय विकास

ढ) सामाजिक विकास र समन्यायिक वितरण

अ) सामाजिक विकास र समन्यायिक वितरणमार्फत् समुन्नत समाज निर्माण

आ) साामाजिक विकास र समन्यायिक वितरण

- शिक्षा तथा सीप विकास
- स्वास्थ्य
- सुरक्षित खानेपानी

- एकीकृत सामाजिक सुरक्षा

इ) युवा, श्रम तथा रोजगार

ई) सहिद परिवार, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख आदिवासी जनजाति

उ) विदेशमा रहने नेपाली

ऊ) कला, साहित्य र खेलकुद

ण) वातावरणीय संरक्षण र दीगो विकास

त) मानवीय खुसी

**खण्ड ४ : तत्काल निर्णय तथा कार्यान्वयन गरिने प्रतिबद्धता**

४.१ सरकारी मितव्ययीता

४.२ यथार्थ पत्र सार्वजनिक

४.३ समृद नेपाल निर्माण कार्ययोजना

४.४ शान्ति प्रक्रियाको पूर्णता, आन्दोलनरत पक्षसँग भएका सम्झौता कार्यान्वयन

४.५ सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण

४.६ आधारभूत वस्तुहरूको आपूर्ति श्रृङ्खला प्रभावकारी बनाउने

४.७ प्रभावकारी सार्वजनिक यातायात

४.८ वातावरण संरक्षण, पर्यावरणीय सन्तुलन

४.९ वित्तीय स्रोत व्यवस्थापन

४.१० पूँजीगत खर्च कार्यान्वयन संयन्त्र

४.११ शान्ति सुरक्षा, सुशासन र सदाचार

४.१२ राष्ट्रिय हितको संवर्द्धन

**खण्ड ५ : आत्मालोचना, स्वघोषणा र आचारसंहिता**

**खण्ड ६ : अपिल**

**"आँखा खोलौं, अग्रगामी विचार सहितको विकल्प रोजौं !"**

शिलापत्र

'सुदृढ लोकतन्त्र, समृद्ध समाज र स्वाधीन राष्ट्र' भन्ने नाराका साथ हाम्रो प्रतिवद्धता'

## खण्ड – १

## विचार र राजनीति-दृष्टिकोण

### १.१ प्रारम्भ

मुलुकमा चरम आर्थिक संकट, राजनीतिक दल, नेतृत्वको तीव्र भ्रष्टीकरण र कुशासनका कारण २०८२ भदौ २३-२४ को जेन-जी विद्रोहले नेपाली समाजलाई जरैदेखि हल्लाइदिएको छ । त्यही विद्रोह (आन्दोलन) को बलमा चुनावी अन्तरिम सरकार निर्माणसँगै संसद् विघटन भई आगामी २०८२ फाल्गुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुन गइरहेको छ । यस निर्वाचनमार्फत् अग्रगामी वैकल्पिक शक्तिको सार्थक पहल पुग्न सके मुलुकको राजनीतिक पुनर्संरचनासहित सुशासन र समृद्धिको ढोका खोल्ने सम्भावना पनि छ ।

नेपालको संविधान २०७२ लाई व्यवहारतः लागु नगर्दा पूरा हुन नसकेका जनताका आकांक्षा, जेन-जी र नेपाल सरकारबीच भएको १० बुँदे सम्झौता कार्यान्वयन गर्न आगामी २०८२ फाल्गुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा निर्वाचन कोसेढुङ्गा सावित हुनेछ ।

यस ऐतिहासिक घडीमा सबै अग्रगामी र परिवर्तनकारी आन्दोलनका सम्पूर्ण ज्ञात-अज्ञात महान् शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । घाइते, वेपत्ता र योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरूको सपनालाई पूरा गर्ने अठोट लिएका छौं । निर्वाचनको यस महत्वपूर्ण अभियानमा आफ्नो अग्रगामी प्रतिनिधि चयन गर्न उत्साहपूर्वक सहभागिताको लागि आम जनसमुदायमा प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) विशेष आग्रह गर्दछ ।

### १.२ प्रगतिशील लोकतन्त्र

हाल अभ्यासमा रहेको लोकतन्त्रले पाँच वर्षमा एउटा भोट हाल्ने अधिकारमा मात्र जनतालाई सीमित गर्‍यो । लोकतन्त्रका नाममा दलतन्त्र, गुटतन्त्र र नेतातन्त्र मात्र भएको आम रूपमा महसुस गरिएको छ । त्यसकारण, पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको उर्जालाई समायोजन गर्दै प्रगतिशील लोकतन्त्रको मूल आधार पूर्ण समावेशीता, सामाजिक न्याय र समता, जनसहभागितामूलक शासन, आर्थिक तथा सांस्कृतिक अधिकारको सुनिश्चितता, सुशासन, पारदर्शीता र अग्रगामी परिवर्तनलाई प्रलोपाले आत्मसात् गर्दछ ।

### १.३ प्रगतिशील लोकतान्त्रिक पार्टी : अन्य पार्टीहरूभन्दा कसरी फरक ?

राजनीतिक पार्टीहरूले वर्तमान समस्याको समाधान र भविष्यका सम्भावनाहरूको आंकलन गर्न सक्नुपर्छ । तर त्यस्तो आँकलन गर्न पुरानो दलहरू असफल भयो । मुलुकलाई समृद्ध बनाउने दृष्टिकोण, वैचारिक स्पष्टता, युवा, दुरदर्शी नेतृत्व, स्पष्ट योजना र कार्यक्रम प्रलोपासँग छ । त्यसैले प्रलोपा अन्य पार्टीभन्दा फरक छ ।

## खण्ड २

## प्रमुख प्रतिवद्धता

### २.१ अग्रगामी समाजवादी विचारसहितको विकल्प, समावेशी, समानुपातिक तथा सहभागितामूलक लोकतन्त्र

प्रगतिशील-लोकतान्त्रिक चेतना तथा अग्रगामी समाजवादी विचार र नेतृत्वसहितको समावेशी समानुपातिक सहभागितामूलक लोकतन्त्रको पक्षधर राजनीतिक शक्तिको उपस्थितिबिना देशको आर्थिक विकास र समृद्धि सम्भव छैन । त्यसैले स्वाधिनता, समानुपातिक-समावेशिता, संघीयता, सुशासन, समृद्धि र अग्रगामी समाजवादको मूलभूत सिद्धान्तलाई अंगिकार गर्दै अग्रगमनसहितको संघीय लोकतान्त्रिक गणतान्त्रिक, संविधान र संसदको सर्वोच्चताप्रति प्रलोपा दृढ प्रतिवद्ध छ ।

### २.२ राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्ध

बदलिँदो विश्व राजनीति र भू-राजनीतिक अवस्थितिलाई मनन् गर्दै राष्ट्रिय हितको संरक्षण र संवर्द्धन गर्दै राष्ट्रको स्वाधिनता, सुरक्षा र समृद्धिमा अन्तर्राष्ट्रिय समुदायसँग निरन्तर सहकार्य गर्न प्रलोपा प्रतिवद्ध छ ।

### २.३ राजनीतिक स्थायित्व र लोकतन्त्र

शिलापत्र

आर्थिक सामाजिक रूपान्तरणका कयौं मुद्दाहरू समाधान हुन बाँकी नै छन् । संविधान संशोधनमार्फत् राजनीतिक स्थायित्व कायम गर्न शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति; पूर्ण समानुपातिक निर्वाचन प्रणाली  तथा स्वच्छ, निष्पक्ष, दक्ष र तटस्थ कर्मचारीतन्त्र निर्माण गर्न कर्मचारीतन्त्रको पुनर्संरचना, भ्रष्टाचारविरोधी निकाय जन लोकपालको स्थापना र नैतिक मूल्यमा आधारित राजनीति आदि जस्ता महत्वपूर्ण एजेन्डाहरू कार्यान्वयन गर्दै संविधानको रक्षा र संविधानमा उल्लेखित जनताका अधिकार कार्यान्वयनका लागि प्रलोपा दृढ प्रतिवद्ध छ ।

### २.४ राज्यको पुनर्संरचना र संघीयताको सुदृढीकरण

नेपाल बहुराष्ट्रिय, बहुभाषिक, बहुसांस्कृतिक र क्षेत्रीय विविधतायुक्त मुलुक हो । सुदृढ सङ्घीयताले मात्र देशभित्रका सबै राष्ट्रियताहरूको पहिचान र एकतालाई बलियो बनाउँछ । त्यसैले राज्यको पुनर्संरचना र संघीयताको सुदृढीकरणका लागि प्रतिवद्ध छौं ।

### २.५ सुशासन र सदाचार

खासगरी राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र राज्यका सबै अंगमा साधनस्रोतको निर्वाध दोहन र विचौलिया प्रवृत्तिबाट आम नागरिक आजित छन् । त्यसकारण, लोकतन्त्रको सवलीकरण, विकास र समृद्धिका लागि सुशासन अनिवार्य शर्त हो । भ्रष्टाचार, राज्यसत्ताको दोहन, आसेपासे पुँजीवादको बिगबिगी, कमजोर विधिको शासन र राजनीतिमा निष्ठा तथा सदाचारको अभावलाई सम्बोधन गर्न प्रलोपा प्रतिवद्ध छ ।

### २.६ विकास र समतामूलक समृद्धि

प्रलोपाले चार आयामको जोडलाई समतामूलक समृद्धिको रूपमा परिभाषित गरेको छ । पहिलो, हामीले तीव्र आर्थिक उडान भर्ने (Take–off) वा छलाङ हान्ने गुणात्मक विकासको नीतिलाई प्राथमिकतामा राखेका छौं । दोस्रो, देश धनी भए पनि राज्यको स्रोतसाधन न्यायपूर्ण वितरण भएन भने सामाजिक न्यायको लक्ष्य प्राप्त हुन सक्दैन । तसर्थ उत्पादकत्वको वृद्धिसँगै नागरिकबीच अवसरको पहुँचमा समानता र स्रोतसाधनको न्यायपूर्ण वितरण हुनुपर्दछ । तेस्रो, मुलुकको दीगो विकासका लागि वातावरणीय संरक्षण अनिवार्य शर्त हो । चौथो, सबै सुखी र खुसी हुने परिवेशले मात्र सभ्य समाज बन्दछ । यी अवधारणाको ठोस प्रयोगबाट छोटो समयमा नै आर्थिक-सामाजिक रूपले मुलुकको रूपान्तरण गर्न हामी प्रतिवद्ध छौं ।

### २.७ समाजवादको आधारः

प्रलोपाले समाजवादलाई सुदूर भविष्यको विषय होइन, आजको यथार्थ बनाउने छ । आयातीत होइन, नेपाली मौलिक समाजवादको विकास गर्नेछ । नेपाली समाजमा अभ्यास गरिँदै आएको समाजवादमैत्री संस्कृति, संस्था, आर्थिक-राजनीतिक प्रणालीहरूलाई संरक्षण र विकास गर्नेछ । साथै, अन्तर्राष्ट्रिय पुँजी, जनशक्ति तथा प्रविधि भित्राएर बलियो राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्दै जातीय, क्षेत्रीय, लैंगिक लगायतका सबै ऐतिहासिक विभेदहरूको समुल नष्ट गरी पर्यावरणीय सङ्कट समाधान; गाउँ र सहरबीचको असमानता अन्त्य; उत्पादन र वितरणमा सामाजिक न्याय; निजी तथा सामुहिक उत्पादन र सहकारीय वितरण एवं व्यवस्थापन प्रणालीमार्फत् लोककल्याणकारी राज्यको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरेर समाजवादको आधार तयार गर्नेछ ।

शिलापत्र

## खण्ड ३

## प्रतिवद्धता

### ३.१ 'अग्रगामी समाजवाद' प्रलोपाको दृढता

शितयुद्धकालीन दुई ध्रुवीय विचार-राजनीतिभन्दा माथि उठेको र अगाडि बढेको समावेशी तथा सहभागितामूलक लोकतन्त्रमा आधारित 'अग्रगामी समाजवाद'को विचार-राजनीतिमार्फत समतामूलक समाज निर्माण र आर्थिक रूपान्तरणको प्रक्रियालाई अघि बढाइनेछ । यद्यपि, वर्तमान नेपाली समाज लोकप्रियतावादी राजनीतिबाट भ्रमित हुने जोखिम रहेको हुँदा विभिन्न संर्घषबाट प्राप्त ऐतिहासिक राजनीतिक उपलब्धीलाई जोगाउँदै समृद्ध नेपाल निर्माणको अभियानमा सम्पूर्ण प्रगतिशील, लोकतान्त्रिक एवं अग्रगामी राजनीतिक शक्तिहरू गोलबन्द भई वैकल्पिक शक्ति निर्माण गरिनेछ ।

३.२ समानुपातिक-समावेशी सहभागिताको सुनिश्चितता

- राजनीतिक दलहरूको विभिन्न तहका सबै समिति र पदाधिकारीमा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था लागु गरिनेछ ।
- संघीय र प्रादेशिक मन्त्रीमण्डलहरूमा अनिवार्य समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

- राज्यका सम्पूर्ण संरचनामा समानुपातिक समावेशीता लागु हुने व्यवस्था गरिनेछ ।
- पारिवारिक सम्पत्तिमा महिलाको हक सुनिश्चित हुने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- आर्थिक-सामाजिक रूपमा पछाडि पारिएका समुदायका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित हुन नदिन आमाको नामबाट नागरिकता प्राप्त गर्ने प्रक्रिया सहज, सरल र प्रभावकारी बनाइनेछ ।

## ३.३ स्वाधिनता, राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्ध

छिमेकी तथा अन्य मित्रराष्ट्रसँगको सम्मानजनक सम्बन्ध स्थापित गरी नेपाली वस्तु तथा सेवा बजारको दायरा फराकिलो बनाउने, पुँजी र प्रविधिलाई भित्राएर राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्ने हाम्रो प्रमुख नीति हुनेछ । त्यसैले राष्ट्रिय स्वाधिनता र स्वतन्त्रता हाम्रो आधारभूत लक्ष्य हुनेछ । यस सन्दर्भमा प्रलोपाको नीतिगत अवधारणा यस प्रकार हुनेछ ।

**क) राष्ट्रिय सुरक्षा-** नेपालको सम्प्रभुतामाथि कुनै प्रकारको हस्तक्षेप हामीलाई मान्य हुनेछैन । देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डता रक्षाको निम्ति क्षेत्रीय र अन्तर्राष्ट्रिय परिस्थितिको वस्तुनिष्ठ मूल्यांकन गर्दै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल लगायतका राज्यका अंगको समयानुकूल आधुनिकीकरण, व्यवसायीकरण, सवलीकरण र लोकतान्त्रीकरणमा विशेष ध्यान दिइनेछ । राष्ट्रिय सुरक्षाको जिम्मा नागरिकको पनि हो भन्ने संकथन (न्यारेटिभ्स्) स्थापित गरिने छ ।

**ख) समानता र स्वतन्त्रताको पक्षधर-** हामी शान्ति, मानवता, न्याय, समानता र स्वतन्त्रतामा आधारित नयाँ विश्व व्यवस्थाको पक्षमा उभिनेछौं । प्रत्येक मुलकसँगको सम्बन्ध पारस्परिक सम्मान, आपसी लाभ र अहस्तक्षेपको नीतिबाट निर्देशित हुनेछ ।

**ग) नयाँ विश्वदृष्टिकोण** - भू-मण्डलीकरण, कृत्रिम वुद्धिमता (एआई) आदि प्रविधि र विज्ञानको विकासले २१ औं शताब्दीको विश्व पुरानो समयभन्दा फरक भएको छ । समकालिन विश्व परिवर्तनलाई आत्मसात् गरी राष्ट्रिय सहमतिमा नेपालको नयाँ विश्वदृष्टिकोण निर्माण गर्न पहल गरिनेछ ।

**घ) पञ्चशीलको सिद्धान्त-** छिमेकी तथा अन्य मुलुकहरूसँग वर्तमान संविधान, संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्त, विश्व शान्ति एवम् अन्तराष्ट्रिय कानुनका सिद्धान्तमा आधारित सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिनेछ । वहुध्रुवीय बन्दै गएको विश्वमा समनिकटता कायम गरी नेपालले विश्व मञ्चमा प्रभावकारी भूमिका खेलिनेछ ।

**ङ) अन्तर्राष्ट्रिय सम्बन्ध-** अन्तर्राष्ट्रिय शान्ति, क्षेत्रीय विकास जस्ता कार्यमा अन्तर्राष्ट्रिय समुदायसँग सम्मानजनक सम्बन्धका आधारमा सहकार्य गरिनेछ । साथै, अन्तर्राष्ट्रिय पुँजी, जनशक्ति तथा प्रविधि भित्राएर राष्ट्रिय औद्योगिक पुँजीको विकास गरिनेछ ।

## ३.४ संविधान संशोधन र राजनीतिक स्थायित्व

समानुपातिक-समावेशी र सहभागितामूलक लोकतन्त्रमार्फत् सुशासन, आर्थिक रूपान्तरण र समृद्धि हासिल गर्ने लक्ष्य प्रलोपाले लिएको छ । नेपालको संविधान-२०७२ मा बहुदलीय

लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक–समावेशीता, सामाजिक न्याय र समाजवाद उन्मुख जस्ता थुप्रै सकारात्मक पक्षहरू रहेका छन् । सम्बोधन हुन बाँकी रहेका विभेद, पुराना संरचना र त्रुटिपूर्ण शासकीय व्यवस्थालाई संशोधन गरी सबै पक्षको अपनत्व भएको प्रणाली निर्माण गर्ने नीति प्रलोपाको रहेको छ । जसका लागि राज्य व्यवस्था र शासकीय स्वरूप सम्बन्धमा प्रलोपाको निम्नानुसार प्रतिवद्धता व्यक्त गर्दछ :

- राज्यको संघीय पुनर्संरचना – राज्य पुनर्संरचना आयोगको प्रतिवेदन अनरूप प्रदेशहरूको पुनर्संरचना गरिनेछ ।
- आन्तरिक लोकतन्त्र – दलहरूको अन्तरपार्टी लोकतन्त्र सुदृढ गर्न निर्वाचनमा उम्मेदवारको मनोनयनका लागि सबै दलहरूले सबै तहमा प्राइमरी इलेक्सन गर्नुपर्ने दलीय कानुन निर्माण गरिनेछ ।
- प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेश प्रमुख– संघमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेशमा प्रत्यक्ष निर्वाचित प्रदेश प्रमुख हुने प्रणाली लागु गरिनेछ । एक व्यक्ति एक पदमा दुई कार्यकालभन्दा बढी रहन नपाउने व्यवस्था गरिनेछ ।
- मन्त्रीमण्डल स्वतन्त्रपूर्वक गठन– प्रत्यक्ष निर्वाचित कार्यकारीले आफ्नो मन्त्रीमण्डल स्वतन्त्रपूर्वक विज्ञ तथा राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तित्वहरूबाट बनाउने प्रावधान गरिनेछ ।
- सांसदको भूमिका विधायकी– सांसद विधायकी भूमिकामा सीमित हुने प्रणाली स्थापित गरिनेछ ।
- समन्यायिक समावेशिता– संघ र प्रदेश दुवै तहमा प्राथमिकता र समावेशितामा आधारित पूर्ण समानुपातिक संसदको निर्वाचन गरिनेछ ।
- शक्ति पृथकीकरण– शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा राज्यका अंग व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र संवैधानिक निकायहरू सञ्चालन हुने व्यवस्था गरिनेछ ।
- जनमत संग्रह– राष्ट्रिय जीवनका महत्वपूर्ण विषयमा जनमत संग्रह गर्ने व्यवस्था गरिनेछ ।
- राइट टु रिजेक्ट र राइट टु रिकल– निर्वाचन कानुनमा अस्वीकारको अधिकार (राइट टु रिजेक्ट) र प्रत्याह्वानको अधिकार (राइट टु रिकल) को व्यवस्था गरिनेछ ।
- आर्थिक पारदर्शिता – राज्यले दलहरूलाई निर्वाचन तथा पार्टी सञ्चालन खर्चका रूपमा निश्चित रकम उपलब्ध गराउने र दलहरूले वास्तविक कारोवारमा आधारित लेखा राख्नुपर्ने, आम्दानी र खर्चको विवरण मासिक रूपमा वेबसाइटमा राख्नुपर्ने अन्यथा दल दर्ता खारेज हुने कानुन बनाइनेछ ।

## ३.५ राज्यको पुनर्संरचना र संघीयताको सुदृढीकरण

राज्यको पुर्नसंरचना र सङ्घीयताको सुदृढीकरणबाट समग्रमा मुलुकको आर्थिक–समाजिक विकासको गति बढाउन सहयोग पुग्नेछ । यसबाट आर्थिक–सामाजिक विकासमा क्षेत्रीय सन्तुलन कायम गर्न मद्दत पुग्नेछ । साथै, नागरिक सुरक्षा, न्याय र विकासमा आम नागरिकको सहज पहुँच पुग्नेछ । यसले राष्ट्रिय एकतालाई मजबूत पार्नेछ । राज्यको पुनर्संरचना र संघीयताको सुदृढीकरण सन्दर्भमा प्रलोपाको नीतिगत अवधारणाहरू यसप्रकार छन् :

**क) राज्यको पुनर्संरचना तथा संघीयता सुदृढीकरण–** संविधानका अपूर्णता र विगतका अनुभवलाई समेत दृष्टिगत गरी पहिचान, सहअस्तित्व, सहभागिता र समन्वयनमा आधारित संघीय प्रणाली संस्थागत गर्न संविधान सभा राज्य पुनर्संरचना उच्चस्तरीय आयोगको प्रतिवेदन कार्यान्वयन गरिनेछ ।

**ख) अधिकार बाँडफाँडको पुनरावलोकन–** सन्निकटताका सिद्धान्त अनुसार तीन तहका सरकार काबीच अधिकार बाँडफाँड पुनरावलोकन गरी प्रभावकारी हुने आधारमा अधिकार र कार्यक्षेत्रको पुनः बाँडफाँड गरिनेछ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न तोकिएका अधिकारसँग सम्बन्धित कानुन लगायत अन्य आवश्यक ऐन कानुन बनाइनेछ ।

**ग) स्थानीय तहको सवलीकरण**

- संघीयताको आधारस्तम्भका रूपमा स्थानीय तहअन्तरगतको वडा तहलाई सवल बनाउँदै नागरिकलाई आधारभूत सेवा सहज र प्रभावकारी रूपमा उपलब्ध गराइनेछ ।
- स्थानीय तहको न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी यसको भूमिकालाई प्रभावकारी बनाइनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐन–२०७४ का कार्यसम्पादनमा बाधा पुऱ्याउने प्रावधानहरू संशोधन गरिनेछ ।
- महानगरपालिकालाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग पुग्ने गरी छुट्टै ऐन बनाइनेछ ।
- जिल्ला समन्वय समितिको भूमिका पुनरावलोकन गरिनेछ ।
- सबै स्थानीय तहका प्रशासनिक कार्यलाई प्रविधिमैत्री (इ–गभर्नेन्स) बनाउँदै सेवा प्रवाहलाई जनतामैत्री बनाइनेछ ।
- "एक नगरपालिका–एक विशिष्ट पहिचान" अवधारणा लागु गर्दै दुई नगरपालिका मिलाएर एक आईसीटी हब विकास गरिनेछ ।

शिलापत्र

**घ) प्रभावकारी प्रादेशिक संरचना**

- मुलुकका सातवटै प्रदेशहरूमा एसियाली मापदण्ड र विशेष पहिचानसहितका सुन्दर प्रादेशिक राजधानीको विकास गरिनेछ । यसैगरी हरेक प्रदेशमा दुई/दुई प्रादेशिक व्यापारिक तथा सांस्कृतिक शहरहरूको विकास गरिनेछ ।
- प्रदेश सरकारको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन सांगठनिक सुदृढीकरण गरिनेछ । यसका लागि नीतिगत व्यवस्था, मानवीय एवं वित्तीय स्रोतसाधनको सुनिश्चितता गरिनेछ ।
- प्रादेशिक विश्वविद्यालयहरूको स्थापनाका लागि वैज्ञानिक मापदण्ड तयार गरी गुणस्तरीय उच्च शिक्षा सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।
- प्रदेशका अधिकार क्षेत्रभित्र रहेका विषयमा प्रदेशको भूमिका प्रभावकारी बनाउन संघ सरकारले सहयोगी एवं सहजीकरणको भूमिका निर्वाह गर्ने परिपाटी संस्थागत गरिनेछ ।
- प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गरिनेछ ।
- प्रदेश तहका कर्मचारी संयन्त्रको कार्य सम्पादन मूल्याङ्कनमा सेवाग्राहीको सन्तुष्टि समेतलाई आधार बनाइनेछ ।
- स्थानीय तहको समन्वय र क्षमता अभिवृद्धिका लागि प्रदेश सरकारको भूमिका प्रभावकारी बनाइनेछ ।

**३.६ स्रोतसाधनको बाँडफाँड–** वित्तीय संघीयताको मान्यताअनरूप स्रोतसाधनको बाँडफाँड गरिनेछ । संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुँदै आएको रकम गुणात्मक रूपले वृद्धि गरिनेछ । मानव विकास सूचकाङ्कमा पछि परेका प्रदेशहरूको विकासका लागि थप अनुदानको व्यवस्था गरिनेछ ।

**३.७ प्रभावकारी प्रशासनिक सेवा–** संघीय, प्रादेशिक र स्थानीय तीनै तहका प्रशासनिक सेवालाई प्रभावकारी बनाइनेछ ।

## ३.८ सुशासन र सदाचार

प्रलोपाले सुशासन र सदाचारका लागि निम्नानुसार नीतिगत तथा कार्यक्रमिक प्रतिवद्धता गर्दछ :

**क) जनलोकपाल गठन–** संघ, प्रदेश र स्थानीय तहमा भ्रष्टाचारको छानबिन गरी सिफारिस गर्नका लागि अधिकार सम्पन्न जनलोकपाल (पब्लिक अम्बुड्समन) को गठन गरिने छ । यसले आवश्यक परे सार्वजनिक अडिटसम्म गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सहयोग पुऱ्याउनेछ ।

**ख) संवैधानिक आयोग–** विश्वविद्यालय तथा प्रतिष्ठानहरूको पदाधिकारीहरूको नियुक्तिमा दलीय भागबन्डाको अन्त्य गरी पारदर्शी प्रतिस्पर्धात्मक विधि अपनाइनेछ । विश्वविद्यालय र प्रतिष्ठानहरूमा सरकारका उच्च पदस्थ तथा पदाधिकारी कुलपति वा प्रमुख हुने वर्तमान व्यवस्था खारेज गरिनेछ ।

**ग) राष्ट्रिय योजना आयोगको पुनर्संचरना–** राष्ट्रिय योजना आयोगको पुनर्संरचना गरी समष्टिगत योजना निर्माण र दिशानिर्देश गर्ने अङ्गमा रूपान्तरित गरिनेछ ।

**घ) निजामती सेवा प्रणालीको रूपान्तरण**

- विद्यमान कर्मचारी तन्त्रको पुनर्संरचना गरी निजामति सेवालाई चुस्त दुरूस्त र नागरिकमैत्री बनाइनेछ ।
- नतिजामूलक कार्यसम्पादनको आधारमा कर्मचारीको पदोन्नति तथा पुरष्कृत गर्ने व्यवस्था गरिनेछ । तोकिएको नतिजा हासिल नगर्ने कर्मचारीलाई बर्खास्त गरिनेछ ।
- अनावश्यक मन्त्रालय, विभाग, कार्यालय र शाखाहरूहरूको समायोजन/खारेजी गरिनेछ । उपयुक्त कर्मचारी संख्या, छरितो प्रशासन, प्रभावकारी कार्यसम्पादन क्षमता र सन्तोषजनक पारिश्रमिक नीतिमा कर्मचारीतन्त्र निर्माण हुनेछ ।
- राज्यका अंग वा निकायबाट हुने लापरबाहीले नागरिकलाई दुःख र हानी पुगेमा त्यसको क्षतिपूर्ति माग दाबी गर्न ऐन बनाइनेछ ।
- कर्मचारी, शिक्षक, प्राध्यापक तथा नेपाल सरकारको ५१ प्रतिशत बढी शेयर भएका सार्वजनिक संस्थान लगायत राज्यकोषबाट सञ्चालन हुने संस्था वा संगठनमा आधिकारिक ट्रेड यूनियन बाहेकले युनियन गतिविधि गर्न नपाउने व्यवस्था गरिनेछ । आधिकारिक ट्रेड युनियनमा व्यक्ति उम्मेदवार तथा मतदाता हुने विधिमा आधारित व्यवस्था गरिनेछ ।
- भ्रष्टाचार, ढिलासुस्ती न्यूनीकरण गर्न सबै सार्वजनिक सेवामा डिजिटल र ब्लकचेन प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।
- सेवाको विशिष्टीकरण गर्न संवैधानिक निकायमा खटाइने कर्मचारीका लागि छुट्टै 'कर्मचारी सेवा आयोग' गठन गरिनेछ ।

शिलापत्र

### ३.९ न्यायलयको रूपान्तरण

- एकात्मक चरित्रको न्यायालयलाई संघीय संरचना बमोजिम पुनर्संरचना गरिनेछ ।
- न्याय सम्पादनलाई प्रभावकारी बनाई आम नागरिकको सहज पहुँच हुने वातावरण निर्माण गर्न डिजिटल गर्भनेन्स द्रुत रूपमा विस्तार गरिनेछ ।
- मेलमिलाप परिषद्को प्रभावकारिता अभिवृद्धि गर्न मेलमिलाप ऐन संशोधन गरी यसको पुनर्संरचना गरिनेछ ।
- संघीयतासँग सम्बन्धित अधिकारको बाँडफाँड लगायत अन्तर तहगत विवादहरूको समाधान गर्न साविकको संवैधानिक इजलास प्रभावकारी नदेखिएकोले छुट्टै संवैधानिक अदालतको गठन गरिनेछ ।
- न्याय परिषद्को भूमिका प्रभावकारी बनाउन यसको पुनःसंरचना गर्ने व्यवस्था गरिनेछ ।

### ३.१० निर्वाचन प्रणालीको रूपान्तरण

- निर्वाचनलाई थप प्रभावकारी बनाउन प्रमुख निर्वाचन आयुक्त लगायत अन्य आयुक्तहरूको नियुक्ति त्यस क्षेत्रका विज्ञहरू मध्येबाट गरिनेछ ।
- निर्वाचन प्रक्रियालाई छिटो, छरितो र भरपर्दो बनाउन विद्युतीय प्रणाली प्रयोग गरिनेछ ।
- विदेशमा बस्ने नेपालीले विदेशबाटै र अन्तर निर्वाचन क्षेत्रबाट पनि मत हाल्न पाउने व्यवस्था गरिनेछ । बालिग मताधिकारसँगै उम्मेदवार हुन पाउने व्यवस्था गरिनेछ ।

**३.११ सुरक्षा अंगको पुनर्संरचना** : एकात्मक चरित्रको विद्यमान सुरक्षा संयन्त्रलाई संघीय संरचना बमोजिम पुनर्संरचना गरिनेछ ।

### ३.१२ देशको अवस्था परिर्वतन

**क) विकास र समृद्धि :**

देशको अवस्था परिर्वतनका लागि समग्र विकास अर्थात समतामूलक समृद्धिको लक्ष्य यसप्रकार हुनेछ :

- समृद्ध मुलुक निर्माणका लागि कार्यकारी प्रमुख मातहत रहने गरी एक शक्तिशाली 'राष्ट्रिय विकास प्राधिकरण' गठन गरिनेछ । त्यस मार्फत् पाँच वर्षे, १० वर्षे र २५ वर्षे विकास तथा समृद्धिको लक्ष्य र योजना तय गर्नेछ ।
- पहिलो चरणमा ५ वर्षभित्र आम गरिवीको अन्त्य गर्दै मुलुकलाई विकासशील मुलुकमा स्तरोन्नति गरिनेछ ।
- दोश्रो चरणमा १० वर्षभित्रमा दीगो विकासका लक्ष्यहरू हासिल गर्दै नेपाली जनताको जीवनस्तरलाई विश्वका मध्यम आय भएको मुलुकको दर्जामा पुऱ्याउने र बेरोजगारीको अन्त्य गरिनेछ ।
- तेश्रो चरणमा २५ वर्षभित्रमा मुलुकलाई विश्वका उच्च आय र जीवनस्तर भएको अवस्थामा पुऱ्याइनेछ ।

शिलापत्र

**ख) लक्ष्य कसरी प्राप्त हुन्छ ?**

- ५ वर्षसम्म स्थिर पुँजीको कूल अंश गार्हस्थ उत्पादनको ३५ प्रतिशत, त्यसपछिका १० वर्षसम्म औसतमा ४० प्रतिशत र अर्को १० वर्षसम्म सम्ममा ४५ प्रतिशत पुऱ्याएर दुई अंकको वृद्धिदर हासिल गरिनेछ ।
- विश्वशक्तिमा उदयमान दुई ठूला छिमेकी राष्ट्र भारत र चीनको आर्थिक तथा भौतिक विकाससँग एकाकार हुँदै प्राकृतिक तथा मानवीय श्रोत, स्वदेशी तथा अन्य विदेशी पुँजी र प्रविधिको उच्चतम प्रयोग र परिचालन गरिनेछ ।
- संघीय र प्रादेशिक स्तरमा नीति तथा योजना आयोगहरू मार्फत निर्धारित रणनीतिक महत्वका आयोजनाहरूलाई बजेटको कमी हुन नदिई सम्पन्न गरिनेछ भने स्थानीय तहबाटै पूर्वाधार तथा जनताका अधारभूत आवश्यकतामा जोड दिइनेछ ।
- संघीय स्तरबाट विकास गरिने रणनीतिक महत्वका योजनाहरूमा खासगरी ऊर्जा सुरक्षा (ठूला जलविद्युत् र प्रशारण लाइन), ४ र ६ लेन सडक, रेलमार्ग, विमानस्थल, केवलकार, हिमाली वृहद् पदमार्ग, ठूला सिँचाइ, विशेष औद्योगिक क्षेत्र, खानी उद्योग, वातावरण संरक्षण, विज्ञान प्रविधि तथा अनुसन्धान, खेलकुद, उपग्रह आदि समावेश हुनेछन् । पहिले नै घोषणा भएका ठूला पूर्वाधारका राष्ट्रिय गौरवका आयोजनाहरूलाई छिटो पूरा गर्न विशेष जोड दिइनेछ ।
- प्रदेश स्तरबाट विकास गरिने रणनीतिक महत्वका योजनाहरूमा भौतिक पूर्वाधार; प्रादेशिक राजधानी र व्यापारिक तथा सांस्कृतिक शहरी विकास; शिक्षा विकासका निम्ति स्तरीय विश्वविद्यालयको स्थापना; सिटीइभिटी तथा टेक्निकल इन्स्टिच्युटको स्थापना; स्वास्थ्यतर्फ हरेक प्रदेशमा ठूला अस्पतालहरूको स्थापना; खेलकुद तथा मनोरञ्जनतर्फ हरेक प्रदेशमा रंगशाला; सुविधाजनक ठूला पार्कहरू र चिडियाखानाहरूको निर्माण; नगरपालिकाको विशिष्ट पहिचानसहित आईसीटी हबको विकास; कला, साहित्य र संस्कृति विकाससँग सम्बन्धित प्रतिष्ठान निर्माण आदि गरिनेछ ।
- संघ र प्रदेशका लक्ष्य र आयोजनाहरूको दिशानिर्देशमा रहेर स्थानीय तहहरूले आआफ्ना ठोस विशेषता र आवश्यकता अनुरूप विकास तथा समृद्धिका कार्यहरू गर्नेछन् ।

**ग) समतामूलक समृद्धिका आयाम**

समतामूलक समृद्धि कसरी प्राप्त हुनसक्छ प्रलोपाको नीतिगत धारणा निम्नानुसार छन् :

**समतामूलक समृद्धि . तीव्र आर्थिक वृद्धि ˙ समन्यायिक वितरण ˙ पर्यावरणीय दिगोपन ˙ मानवीय खुसी**

- तीव्र आर्थिक वृद्धि : कृषि एवं औद्योगिक क्षेत्रका विकासमार्फत देशलाई चाहिने वस्तु र सेवाको उत्पादनमा आत्मनिर्भर बनाइनेछ । त्यसका लागि दुई दशकभित्र दोहोरो अंकमा आर्थिक वृद्धिदर गरिनेछ ।
- समन्यायिक वितरण : विकासले केही मान्छेलाई मात्र धनी बनाउने नभएर समाजका सबै वर्ग, जाति, क्षेत्र, लिंग, समुदायलाई धनी बनाउने अवसर सृजना गर्ने विकासको

विधि अबलम्वन गरिनेछ ।

- दीगो विकास : वातावरणीय विनाश हैन, दीगो विकासको पक्षपोषण गर्ने विकास अभ्यासमा ल्याइनेछ ।
- मानवीय विकास : विकास उपयोगितावादी र उपभोक्तावादी मात्र नभई आफू सुखी-खुसी हुने र परस्पर आत्मसम्मानमा आधारित सभ्य समाज बनाउन योगदान गर्ने खालको हुनेछ ।

## घ) समतामूलक समृद्धि

## ङ) तीव्र आर्थिक वृद्धिमार्फत् रोजगारी सिर्जना

नेपालमा योजनाबद्ध रूपमा गरिने पूर्वाधारहरूको विकास, कृषि, औद्योगिक तथा सेवा क्षेत्रको गुणस्तरीय विकासबाट देशमा तीव्र आर्थिक वृद्धि गराई, रोजगारीसहितको आत्मनिर्भर अर्थतन्त्र निर्माण हुनसक्छ । यसका लागि सरकारी, सहकारी र निजी क्षेत्रको समन्वयात्मक तथा सक्रिय भूमिका हुनुपर्दछ ।

आर्थिक रूपान्तरणको सन्दर्भमा प्रलोपाको प्रतिबद्धता यसप्रकार रहेकाछन्:

**अ) आर्थिक क्रान्तिको रणनीति तयार :** विकास विज्ञहरूको सहयोग र निजी क्षेत्र समेतको सहभागितामा नेपालमा तीव्र आर्थिक क्रान्तिको रणनीतिक योजना तयार गरिनेछ । साथै, त्यसका निम्ति नीतिगत, कानुनी, संस्थागत परिवर्तनको कार्ययोजना बनाएर कडाइपूर्वक कार्यान्वयन गरिनेछ ।

**आ) लगानी आकर्षण नीति :**

- विप्पा (BIPPA) सम्झौतालाई प्रभावकारी बनाएर विश्वभरिका लगानीकर्ताहरूलाई आकर्षक सुविधासहित स्वागत गरिनेछ । प्रमुख औद्योगिक मुलुकहरूमा लगानी सम्मेलन गरेर लगानीकर्ताहरू भित्राइनेछ ।
- नेपालका ठूला योजनामा लगानी गर्न दुई ठूला अर्थतन्त्र भएका छिमेकी मुलुक चीन र भारत लगायत विश्वव्यापी लगानीको खोजी गरिनेछ ।
- गैर-आवासीय नेपालीहरूको ज्ञान, सीप र पुँजी आकर्षित गर्न र भित्राउन विशेष सुविधाको व्यवस्था गरिनेछ ।

**इ) विकासमैत्री वातावरण निर्माण :**

- प्रगतिशील कर प्रणाली लागु गरी धेरै सम्पत्ति हुने, धेरै कमाई गर्नेलाई धेरै, थोरै हुनेलाई थोरै कर लाग्ने व्यवस्था गरिनेछ ।
- भन्सार महशुल, अन्तःशुल्क, आन्तरिक कर र मूल्य अभिवृद्धि करको वैज्ञानिक समायोजन गरिनेछ ।
- कर छली र भ्रष्टाचारबिरूद्ध शून्य सहनशीलता र कडा कारवाहीको व्यवस्था गरिनेछ ।
- सरकारी संस्थाको स्वामित्वका दुरूपयोग भएका जमिनलाई राज्यले फिर्ता लिई त्यसलाई उत्पादनशील कार्यमा उपयोग गर्ने छ । जग्गा प्राप्ति ऐनलाई आवश्यक संशोधन गरी थप लगानीमैत्री र विकासमैत्री बनाइनेछ ।

शिलापत्र

- श्रमिक र लगानीकर्ताबीच सुसम्बन्ध कायम गर्दै औद्योगिकमैत्री वातावरण बनाउन विशेष व्यवस्था गरिनेछ ।

## ई) उद्यमशीलता प्रवर्धन

- उद्यमशीलता प्रवर्द्धन गर्न विश्वस्तरको आविष्कार केन्द्र तथा सबै प्रदेशहरूमा प्रदेशस्तरीय आविष्कार केन्द्र स्थापना गरिनेछ । तात्कालिन र भविष्यको नगद प्रवाह (cash flow) सम्भावनाका आधारमा इच्छुक व्यवसायीहरूलाई बैंकबाट विना धितो ऋणको व्यवस्था मिलाइनेछ ।
- वौद्धिक सम्पत्तिको नक्कल तथा चोरी हुन नदिनका लागि प्रतिलिपी अधिकार तथा बौद्धिक सम्पत्ति अधिकार ऐनको संशोधन गरिनेछ ।
- विश्व बजारमा प्रतिस्पर्धी हुने ढंगले युवालाई सीप, ज्ञान र अनुभवबाट क्षमता अभिवृद्धि गर्न प्रशिक्षित गरिनेछ ।

## उ) वैदेशिक रोजगारी र विशेष लगानी कोष :

- स्वदेशमा नै उत्पादनशील रोजगारी वृद्धि गर्दै जाने कुरामा जोड दिँदै तत्काल वैदेशिक रोजगारमा जाने नेपाली कामदारको सीप, ज्ञान तथा क्षमता अभिवृद्धि गर्ने योजनालाई प्रभावकारी बनाइनेछ ।
- स्वदेश फर्किएपछि काम गर्नका लागि विशेष सुविधा योजना बनाई कार्यान्वयन गरिनेछ ।

## च) आत्मनिर्भर अर्थतन्त्र निर्माण

स्वदेशी उपभोगका लागि धेरैभन्दा धेरै भौतिक बस्तु तथा सेवा मुलुक भित्रै प्राप्त हुने अवस्था सृजना गरिनेछ । यसरी अहिलेको ठूलो बजेट घाटालाई क्रमशः एकतिहाइमा झारिनेछ । तीव्र आर्थिक वृद्धि हुनुसाथ प्रशस्त रोजगारीका अवसरहरू निर्माण हुन गई वर्षमा ४ देखि ६ लाखसम्म युवालाई मुलुकभित्रै रोजगारी प्रदान गर्न सकिने वातावरण बनाइनेछ । त्यसका लागि निम्नानुसारका कार्यक्रमहरू लागु गरिनेछ ।

## अ) कृषि विकास र खाद्यान्नमा आत्मनिर्भर

नेपाललाई ५ वर्षमा कृषिमा आत्मनिर्भर बनाइनेछ । यस अन्तर्गत निम्न कार्यक्रमहरू रहनेछन् :

- कृषि विकासको निम्ति प्राकृतिक साधन र जमिनको दरूपयोग रोक्न एवं न्यायोचित वितरण गर्न विगतका भूमिसुधार आयोगका प्रतिवेदनहरू समेतलाई आधार बनाउँदै वैज्ञानिक भूमिसुधार कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- कृषियोग्य जमिनको संरक्षण, औद्योगिक क्षेत्र र सहर-बस्ती विकासका विशेष स्थानहरूको किटान र वन तथा अन्य प्राकृतिक सम्पदा क्षेत्रको दिगो संरक्षण गरी भू-उपयोग नीति लागु गरिनेछ ।
- कृषि पेशालाई मर्यादित र आकर्षक बनाई यस क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनमा बढाउन परस्परागत भूस्वामित्वमा परिवर्तन र कृषिमा यन्त्रीकरण, आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ । १० वर्षमा कृषि उत्पादकत्वलाई दोब्बर बनाइनेछ ।
- तुलनात्मक लाभ बढी हुने कृषि पेशालाई विशेष प्रोत्साहन गरिनेछ । साना

किसानहरूलाई सहकारीमा संगठित गराएर व्यवसायिक खेती गर्ने व्यवस्था मिलाइने, व्यवसायिक कृषि तथा कृषिजन्य उद्योग सञ्चालन गर्न र कृषि औजार कारखाना खोल्न चाहने उद्यमीहरूलाई सहुलियत ब्याजदरमा ऋण लिन पाउने व्यवस्था गरिनेछ । साथै भूमिहीन किसान, मुक्तकमैया हलियाहरूको सम्मानजनक पुनस्थार्पना गर्ने र रोजगारीको सुनिश्चितता गरिनेछ ।

- राई मधेशमा ठुला सिँचाई आयोजनाहरू र पहाडमा मध्यम तथा साना सिंचाइ आयोजनाहरू तीव्र रूपमा कार्यान्वयन गरेर सबै खेतीयोग्य जमिनमा सिञ्चाइ सुविधा पुऱ्याउन उच्च प्राथमिकता दिइनेछ ।

**आ) उत्पादनको आधारमा अनुदान–** सामुहिक तथा व्यवसायिक कृषि, उत्पादित वस्तुको प्रशोधन एवं भण्डारण, कृषिजन्य उद्योग सञ्चालन जस्ता कार्य गर्न चाहने उद्यमीलाई खुद ५ प्रतिशत ब्याजदरमा ऋण लिन पाउने, उत्पादन अनरूप ब्याज मिनाह र अतिरिक्त उत्पादनमा प्रोत्साहन अनुदान दिने व्यवस्था गरिनेछ ।

**इ) सुनिश्चित बजार** – कृषि उत्पादनलाई उत्पादनकर्ताले चाहेमा न्यायोचित तवरले तोकिएको मूल्यमा नजिकको गाउँ/नगरपालिकाको कृषि व्यवस्थापन केन्दमा सरकारले खरिद गर्नै पर्ने व्यवस्था गरिनेछ । कृषि उपजको बजार मूल्य तोकी खरिदको सुनिश्चितता गरिनेछ ।

**ई) कृषि तथा पशु बीमा** – कृषिजन्य कार्यहरू सबैमा प्रभावकारी बीमा कार्यक्रममार्फत् लगानी सुरक्षित गरिनेछ । किसानलाई ५ वर्षभित्र कृषि तथा पशुपालन वीमा कार्यक्रम अन्तर्गत ल्याइनेछ ।

**उ) स्थानीय सरकारमार्फत् कृषकलाई समयमा नै मल तथा गुणस्तरीय बीउविजन उपलब्ध गराइनेछ ।** साथै, मल तथा बिउविजनलाई प्रभावकारी बनाउनको लागि एआई, बायो र नानो प्रविधि उपयोगमा ल्याइनेछ । जैविक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

## छ) ऊर्जामा आत्मनिर्भर

ऊर्जा सुरक्षा विकास, आत्मनिर्भरताको आधारको रूपमा लिइनेछ । प्रशस्त जलविद्युत् उत्पादन, आवश्यक प्रसारण लाइनको निर्माण र विद्युत व्यापारमार्फत् आगामी १० वर्षमा नेपालमा विद्युत् आयातलाई शून्यतामा झारिनेछ ।

### अ) जलविद्युत् उत्पादन तथा व्यापार

- जलश्रोत देशको प्रमुख सम्पदा हुनाले यसको सर्वतोमुखी विकास र प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ । सबै नेपालीको घरमा बिजुलीबत्ती पुऱ्याइनेछ ।
- पञ्चेश्वर, पश्चिम सेती, माथिल्लो कर्णाली, नल्सिङगाढ, बुढीगण्डकी, दुधकोशी जस्ता ठूला जलाशययुक्त जलविद्युत परियोजनाको निर्माण संघीय सरकार मार्फत; मझौला जलाशययुक्त तथा ठूला अर्ध–जलाशययुक्त आयोजना प्रदेश सरकार र अन्य जलविद्युत आयोजना निजी क्षेत्रबाट निर्माण गरी आन्तरिक खपतबाट बचेको विद्युतलाई निर्यात गरिनेछ ।
- हाइड्रोजन ऊर्जाको विकासमा यथेष्ट ध्यान दिइनेछ ।
- अन्तरदेशीय, पूर्व पश्चिम र मध्यपहाडी लोकमार्गको समानान्तर प्रसारण लाइन तथा

कर्णाली, गण्डकी र कोशी करिडोरमा उच्च भोल्टेज क्षमताका प्रसारण लाइनहरूको निर्माण गरी छिमेकी मुलुकहरूमा विद्युतीय ऊर्जा निर्यात गरिनेछ ।

**आ) वैकल्पिक ऊर्जा विकासः** जलविद्युतको साथै सौर्य, वायु ऊर्जा जस्ता वैकल्पिक ऊर्जा विकासलाई पनि समानान्तर रूपले अगाडि बढाइनेछ । एक दशकभित्र पूर्ण हरित ऊर्जा प्रयोग गर्ने अवस्थामा ल्याइनेछ ।

**इ) स्वस्थ भान्छा, प्रदुषणमुक्त सहर**

एलपी ग्याँस सिलिण्डरको सट्टा विद्युतीय चुलो र पेट्रोल/डिजेल गाडीलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गरिनेछ । देशभरि नै विद्युतीय गाडी चार्जिङ स्टेसन स्थापना गरिनेछ ।

## ज) औद्योगिक क्षेत्रको उत्थान/पुनःउत्थान

हाल अनुत्पादक क्षेत्रमा लगानी भइरहेको पुँजीलाई उत्पादनशील औद्योगिक क्षेत्रमा लगाइनेछ । औद्योगिक विकासका निम्ति आवश्यक पुँजी, बजार, मानव संसाधन, सुरक्षा तथा कानुन निर्माण र प्रशासनिक सहजता कायम गरिनेछ ।

**अ) बन्द उद्योगहरूको पुनर्स्थापना–** बन्द गरिएका कपडा, कृषि औजार, रबर, कागजजस्ता उद्योगहरू संभाव्यताका आधारमा पुर्नस्थापना गरिनेछ । संकटग्रस्त उद्योगको ब्याज मिनाहा गर्ने तथा रूग्ण उद्योगलाई प्रभावकारी रूपमा संचालन गर्ने वातावरण तयार गरिनेछ ।

**आ) निर्यात प्रवर्द्धन–** गुणस्तरीय वस्तु उत्पादन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न उद्योगहरूको विकासमा विशेष जोड दिइनेछ । त्यसका लागि अन्तर्राष्ट्रिय ख्यातिप्राप्त औद्योगिक कम्पनीहरूलाई नेपालमा ठूल्ठूला उद्योगहरू स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

इ) हरेक प्रदेशमा कम्तिमा एक आधुनिक औद्योगिक क्षेत्र र हरेक स्थानीय तहमा कम्तिमा एक उद्योगग्राम स्थापना गरिनेछ ।

ई) निजामति, सूरक्षा अंग, विद्यालय, महाविद्यालय र संगठित संस्थाले प्रयोग गर्ने पोसाक (यूनिफर्म) उत्पादनको लागि एक ‘आधुनिक पोशाक कपडा उद्योग’ स्थापना गरिनेछ ।

## झ) निर्यात वृद्धि तथा व्यापार विविधिकरण

- आयात प्रतिस्थापन, निर्यात वृद्धि र व्यापार विविधिकरणलाई प्रभावकारी बनाउन विभिन्न निकायहरूबीच समन्वय गर्न हालको व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रलाई स्तरोन्नति गरी एक अधिकारसम्पन्न र स्रोत–साधनयुक्त “वैदेशिक व्यापार व्यवस्थापन केन्द्र” मा पुनर्गठन गरिनेछ ।
- एकीकृत व्यापार रणनीतिद्वारा पहिचान गरिएका प्रतिस्पर्धात्मक लाभका उच्च मूल्यका वस्तुहरूको उत्पादन वृद्धि गरी निर्यात बढाउन निश्चित उत्पादनमा केन्द्रित भइ उद्योग–व्यवसाय संचालन गरिनेछ ।
- नेपालमा उत्पादित वस्तुहरू उपभोग गर्न सरकारी तथा अर्धसरकारी निकायहरूलाई अनिवार्य गर्ने र सामुदायिक प्रतिष्ठानलाई प्रोत्साहन गरिनेछ ।
- सीमा–नाकामा एकीकृत भन्सार प्रणाली संचालनमा ल्याइनेछ ।
- ठूला अर्थतन्त्र भएका भारत र चीनको बीचमा रहनु हाम्रा लागि अवसर र चुनौती दुवै भएकाले दुवैको आपूर्ति तथा मूल्य शृंखलासँग जोडिने गरी व्यापार प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

### ञ) वन तथा जडिबुटीको वैज्ञानिक प्रयोग

नेपालमा उपलब्ध वन तथा जडिबुटीको निम्नानुसार वैज्ञानिक उपयोग गरिनेछ ।

**अ) काठ खेती तथा उपयोग :** फर्निचर तथा अन्य निर्माणका कार्यमा नेपालकै काठ प्रयोग गर्ने तथा निर्यातजन्य काठ उत्पादन गर्न सकिने वन तयार गरी काठजन्य आयात घटाउने तथा निर्यात बढाइनेछ ।

**आ) जडिबुटी खेती तथा उपयोग :** अन्तर्राष्ट्रिय बजारमा बिक्री हुनसक्ने गुणस्तरीय श्रृंगारका सामान उत्पादन गर्न कार्यक्रम ल्याइनेछ । अत्याधुनिक जडीबुटी प्रशोधन केन्द्रहरूको स्थापना तथा औषधि उद्योगहरूलाई चाहिने जडिबुटी मुलुकभित्रनै उत्पादन गर्ने नीति ल्याइनेछ ।

### ट) पर्यटन प्रवर्द्धनमार्फत् विदेशी मुद्रा आर्जन

पर्यटन प्रबर्द्धनमार्फत् विदेशी मुद्रा आर्जन गर्न निम्न कार्यक्रम सञ्चालन गरिनेछ :

**अ) पर्यटन केन्द्रहरूको विकास :** जलविहार, हिमाली, ऐतिहासिक-धार्मिक-साँस्कृतिक क्षेत्र जस्ता पर्यटन केन्द्रको रूपमा प्रवर्द्धन गर्न सकिने २० वटा महत्वपूर्ण स्थानलाई सरकारी-निजी साझेदारी मोडेलमा विशेष पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ । नेपाललाई अन्तर्राष्ट्रिय व्यावसायिक, खेलकूद, शैक्षिक र स्वास्थ्य पर्यटन केन्द्रको रूपमा विकास गरिनेछ । ताप्लेजुङदेखि दार्चुलासम्मको ग्रेट हिमालयन ट्रेल, धौलागिरी सेन्चुरी, मुन्दुम ट्रेल लगायतका पदमार्गमा पूर्वाधार विकासलाई तिव्रताका साथ अघि बढाइनेछ ।

आ) गुणस्तरीय पर्यटन सेवा तथा सुरक्षा : पदयात्रा पर्यटनको विकासमा विशेष ध्यान दिइनेछ । त्यसैगरी पर्यटन विकासका लागि होटल सञ्चालन, तालिमप्राप्त पर्यटक गाइडको उत्पादन, पर्यटकको सुरक्षाका लागि पर्यटन प्रहरी, जोखिमपूर्ण पर्यटन क्षेत्रमा जाने पर्यटकहरूका लागि द्रूत उद्धार युनिटको व्यवस्था गरिनेछ ।

इ) दश वर्षमा प्रतिवर्ष ५० लाख पर्यटक भित्र्याउने गरी प्राकृतिक, पुरातात्विक, ऐतिहासिक, धार्मिक र साहसिक पर्यटन प्रर्वद्धन गरी अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटनको बजारीकरण गरिनेछ ।

ई) नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकसित गर्न संस्कृति, प्रकृति र प्रविधिको संयोजन गरी रैथाने ज्ञान, स्वाद र स्वामित्वसहित अन्तर्राष्ट्रिय क्षेत्रमा ब्राण्डिङ् गरिनेछ ।

उ) गौतम बुद्धको जन्मदिनलाई "विश्व शान्ति दिवस" का रूपमा घोषणा गर्ने व्यवस्था गर्दै विश्व समुदाय समक्ष नेपाललाई शान्ति क्षेत्र घोषणा गर्न पहल गरिनेछ ।

### ठ) विज्ञान-प्रविधि र अनुसन्धान

आर्थिक उत्पादनका सबै क्षेत्रहरूको उत्पादकत्व बढाउन सूचना-सञ्चार, विज्ञान तथा प्रविधिको भरपूर प्रयोग गरिनेछ । यस सन्दर्भमा निम्नानुसारका कार्यक्रम संचालन गरिनेछ :

**अ) अनुसन्धान केन्द्रहरूको सशक्तीकरण-** नास्ट, नार्क, राष्ट्रिय अनुसन्धान केन्द्रजस्ता संस्थाको सशक्तीकरण गरिनेछ । नानो, ब्लकचेन, एआई, बायो र स्पेस टेक्नोलोजीको विकासलाई

प्राथमिकतामा राखिनेछ । अनुसन्धान, विज्ञान तथा प्रविधि विकासमा आगामी ५, १५ र २५ वर्षमा कुल गार्हस्थ आयको क्रमशः १, २ र ३ प्रतिशत लगानी पुऱ्याइनेछ ।

**आ) समन्वयात्मक अनुसन्धान-** औद्योगिक क्षेत्र र अनुसन्धान गर्ने विश्वविद्यालय तथा अनुसन्धान केन्द्रलाई समन्वयमा अनुसन्धान गर्ने व्यवस्था मिलाई बौद्धिक पलायन (ब्रेनड्रेन) रोक्न कार्यक्रम सञ्चालन गरिनेछ । साथै, विदेशमा रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकसँग सहकार्य गरी अनुसन्धान गर्ने वातावरण सिर्जना गरिनेछ । विदेशमा रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकलाई नेपालमा फर्केर योगदान दिने कार्यलाई प्राथमिकता दिइनेछ ।

**इ) सूचना तथा प्रविधि-** जनताको सेवाका लागि सूचना तथा प्रविधिको पहुँच अभिवृद्धि गर्दै 'इ-गभर्नेन्स' तथा 'डिजिटल नेपाल फ्रेमवर्क'को कार्यान्वयन प्रभावकारी बनाइनेछ । सूचना तथा प्रविधिलाई ज्ञान निर्माण, उत्पादन वृद्धि र सहज सेवा प्रवाहको साधनका रूपमा विकास गरी उपयोग गरिनेछ ।

**ई) सामाजिक सञ्जालको प्रयोग-** सूचना क्रान्ति, डिजिटल प्रविधि र सामाजिक सञ्जालको बढ्दो भूमिकालाई ध्यानमा राखी यसको सकारात्मक, मर्यादित र ज्ञानवर्द्धक प्रयोगका लागि शिक्षण संस्था र आम नागरिकबीच 'म एक जिम्मेवार नागरिक' भन्ने सचेतना अभिवृद्धि अभियान निरन्तर संचालन गरिनेछ ।

**ङ) द्रुत आर्थिक विकासका लागि रणनीतिक पूर्वाधारहरूको गुणस्तरीय विकास**

**अ) भौतिक पूर्वाधार-गुणस्तरीय यातायात**

- लोकमार्गहरूको निर्माण तथा स्तरोन्नति- काठमाडौं-तराई फास्टट्र्याक, पूर्व-पश्चिम लोकमार्ग (६ लेन), मध्यपहाडी र हुलाकी लोकमार्ग (४ लेन), चीन र भारतबीचमा गतिशील पुल बन्ने गरी चार वटा उत्तर दक्षिण जोडने ४ लेनका सेती-महाकाली-कर्णाली-गण्डकी र कोशी लोकमार्गलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार निर्माण/स्तरोन्नति गरिनेछ ।
- सहज यातायात सेवा- प्रदेश राजधानीलाई मूल लोकमार्गसँग जोड्ने ४ लेन सडक तथा जिल्ला-पालिका सदरमुकाम जोड्ने आन्तरिक यातायात पूर्वाधार गुणस्तरीय रूपमा विकास गरिनेछ ।
- विमानस्थलको आधुनिकीकरण- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत प्रमुख विमानस्थलको आधुनिकीकरण तथा निजगढमा अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई प्राथमिकता दिइनेछ ।
- बृहत् क्षमताको प्रदर्शनी स्थल, तोकिएका सडक र सुरूङमार्गजस्ता पूर्वाधार आयोजना नीजि, सार्वजनिक र साझेदारी (PPP) मोडलबाट अघि बढाइनेछ ।
- पूर्व-पश्चिम रेलमार्ग, चीनको केरूङबाट काठमाडौं हुँदै भारतको रक्सौल जोड्ने रेलमार्ग निर्माण गर्न विशेष ध्यान दिइनेछ । काठमाडौं मेट्रो रेलको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ । निर्माणाधीन र नयाँ गरी पूर्व-पश्चिम र उत्तर-दक्षिण लोकमार्ग र काठमाडौ बाहिरी चक्रपथको द्रुत गतिमा निर्माण गरिनेछ ।
- केवलकार- काठमाडौं-सगरमाथा बेसक्याम्प, दिपायल-खप्तड-रारा, सुर्खेत-जुम्ला, पोखरा-जोमसोम, विदुर-केरूङ, चतरा-हलेसी, उदयपुर-ओखलढुङ्गा, धनकुटा-खाँदबारी र केचनाकवल-फक्ताङलुङ (कुम्भकर्ण)-सेसेलुङ (कञ्चनजंघा) केवलकारको सम्भाव्यता अध्ययनगरी कार्यान्वयन गरिनेछ ।

- अव्यवस्थित शहरीकरण नियन्त्रण गर्दै गाउँको शहरीकरणमा भौगोलिक, सांस्कृतिक, आर्थिक विशिष्टता अनुरूप व्यवस्थित र एकीकृत गरिनेछ । सबै पालिका क्षेत्रका नगरउन्मुख बस्ती विकासको विस्तृत गुरूयोजना बनाएर लागु गरिनेछ ।
- नेपाल–बंगलादेश आवागमन सहज बनाउन भारतको १३ किमि भूभागमा सुरूङमार्ग वा स्थलगत रेलमार्ग निर्माणका लागि कूटनीतिक पहल गरिनेछ ।

## आ) सिञ्चाइमा राज्यको लगानी, कृषि कार्यमा जनता

- सिंचाइ विकास – खेती योग्य जमिनमा सिंचाइ सुविधा पुऱ्याउन विशेष जोड दिइनेछ । यस सन्दर्भमा तमोर–मोरङ डाइभर्सन, सुनकोशी–कमला डाइभर्सन, सुनकोशी–मरिन डाइभर्सन, भेरी–बबई डाइभर्सन, कालीगण्डकी–तिनाउ डाइभर्सन लगायतका नदी डाइभर्सन (पथान्तरण) कार्य र रानी–जमरा–कुलरिया, भेरी–बबई, सिक्टा, सुनकोशी–कमला लगायतका ठूला सिंचाइ प्राथमिकताका साथ अघि बढाइनेछ ।
- बाढी र डुबानको समस्या अन्त्य गर्न तराईका नदीमा ‘जनताको तटबन्ध’ कार्यक्रममार्फत कामलाई तदारूकताका साथ कार्यन्वयनमा लगिनेछ । कटान क्षेत्रलाई तटबन्धन गरी नदी उकास भू-भागलाई व्यवस्थित प्रयोगमा ल्याउन योजना बनाइनेछ ।
- तराईका कृषि योग्य भूमिलाई सिंचाइको पहुँचमा पुऱ्याउन आयोजनाहरू निर्माण गरी लागु गरिनेछ ।

## इ) योजनाबद्ध बस्ती विकास

सबै महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको विकासको विस्तृत गुरूयोजना बनाई योजनाबद्ध विकास गरिनेछ, जसअनुसार निम्नानुसारका योजनाहरूलाई प्राथमिकतामा राखिनेछ :

- शहर उन्मुख बजार–स्वच्छ पानी, सफा शहर– हरेक नगरपालिकाका शहर उन्मुख बजारक्षेत्रमा ५० वर्ष धान्ने क्षमताका पानी प्रशोधन तथा वितरण केन्द्रहरू र ढल प्रशोधन केन्द्रहरू निर्माण गरिनेछ । साथै, फोहर व्यवस्थापन गर्न सुरक्षित डम्पिङ साइटको व्यवस्था गरिनेछ ।
- भू-उपयोग योजना आधारित व्यवस्थित बस्ती – हरेक नगरपालिकामा निजी आवास, व्यापारिक केन्द्रहरू, यथेस्ट खुला क्षेत्र, पार्क तथा खेल मैदानको विकास भू-उपयोग योजना अनरूप गरिनेछ । एकिकृत बस्ती विकासलाई प्राथमिकता दिइनेछ ।
- छरिएका बस्तीहरूमा भएका पालिकामा एकीकृत बस्ती विकास कार्यक्रम योजनाबद्ध ढङ्गले अघि बढाइनेछ । पहाडी क्षेत्रका जोखिमपूर्ण बस्तीलाई आर्थिक सम्भावना र सांस्कृतिक संवेदनशीलता समेतलाई ध्यान दिंदै सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्ने नीति ल्याई कार्यान्वयन गरिनेछ ।

## ई) सामाजिक पूर्वाधार– गुणस्तरीय प्राविधिक शिक्षा

लामो समयदेखि थलिएको शिक्षा प्रणालीलाई जगैदेखि रूपान्तरण गर्न विद्यमान द्वैध शिक्षा प्रणालीको अन्त्य गरी शिक्षालाई पूर्ण राज्यको दायित्वमा ल्याउन यस अन्तर्गत निम्न कार्यक्रमलाई प्राथमिकता दिइनेछ :

- व्यवहारिक शिक्षा नीतिः मुलुकका सबै विद्यालय, क्याम्पस र विश्वविद्यालयमा आधुनिक, वैज्ञानिक तथा व्यवहारिक शिक्षा दिइने नीति लागु गरिनेछ ।
- प्राविधिक इन्स्टिच्युटहरूको स्थापना- दक्ष जनशक्ति उत्पादन गर्न हरेक प्रदेशमा एक वटा प्राविधिक ईन्स्टीच्यूटको स्थापना गरिनेछ । त्यसैगरी प्रादेशिक कृषि तथा पशु विज्ञान विश्वविद्यालय हरेक प्रदेशमा खोलिनेछ ।
- शैक्षिक सशक्तीकरण- प्रत्येक तीन वर्षमा एक पटक भाग लिन पाउने गरी सबै शिक्षक तथा प्राध्यापकहरूको लागि उनीहरूले पढाउने विषयवस्तुमा आधुनिक प्रविधिहरूको प्रयोग, प्रभावकारी कक्षा सञ्चालन विधि, ई-टेक्नोलोजीको प्रयोगजस्ता विषयमा पुनःताजकी र क्षमता अभिवृद्धि हुने तालिम तथा सेमिनार कार्यक्रम सञ्चालन गरिनेछ ।
- रोजगार-स्वरोजगारमूलक शिक्षा- स्नात्तक तहमा अध्ययन गर्ने विद्यार्थीले अनिवार्य रूपमा आफ्नो विषयसँग सम्बन्धित क्षेत्रमा तीन महिने इन्टर्नसिप गर्नुपर्ने विशेष व्यवस्था मिलाइनेछ ।

## उ) आर्थिक पूर्वाधार - सार्वजनिक वित्त व्यवस्थापन, बैंक तथा वित्तीय संस्थामा सहज पहुँच

आम जनताको बैंक तथा वित्तीय संस्थामा सहज पहुँच पुऱ्याउन निम्नानुसार व्यवस्था गरिनेछ :

- प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन- वर्षेनी चुलिँदै गएको ऋणको पासो तोड्दै सार्वजनिक वित्त व्यवस्थापनलाई आत्मनिर्भरतातर्फ उन्मुख एवं सार्वजनिक खर्चलाई उत्पादनमुखी र प्रभावकारी बनाइनेछ ।
- बैंकिङ सेवा र बीमामा पहुँच- हरेक स्थानीय तहमा वाणिज्य बैंकको कम्तिमा एक शाखा पुऱ्याई सहज रूपमा बीमा सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ । सबै सहकारी संस्थाहरूलाई पनि बीमामा आबद्ध गरिनेछ । बचत तथा ऋण सहकारीको प्रभावकारी नियमन र सुपरीवेक्षणको लागि बचत तथा ऋण ऐन निर्माण गरिनेछ । वित्तीय र बैकिंङ प्रणालीमा नीतिगत सुधार गरि व्यवसायिक वित्त व्यवस्थापनलाई सहज, सरल र उत्पादनशिल बनाइनेछ । वित्तीय प्रणालीलाई उत्पादनमूलक लगानीमार्फत् आर्थिक क्रियाकलाप वृद्धि हुनेगरी वित्तीय स्रोतको ठूलो हिस्सा उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्ने व्यवस्था गरिनेछ ।
- अनलाइन सरकारी कारोबार- सरकारी कारोबारमा पूर्णतया अनलाइन प्रणाली लागु गरिनेछ ।

## ऊ) लगानीमैत्री वातावरण निर्माण

रोजगारी सहितको आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न कूल गार्हस्थ उत्पादनको ३५-४० प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने नीति बनाइनेछ । देशभित्र र बाहिरका लगानीलाई आकर्षित गर्न लगानी मैत्री वातावरण निर्माण गरिनेछ ।

## ढ) सामाजिक विकास र समन्यायिक वितरण

### अ) सामाजिक विकास र समन्यायिक वितरणमार्फत् समुन्नत समाज निर्माण

समाजवादी व्यवस्थामा राज्य लोक कल्याण र सामाजिक सुरक्षाको यन्त्र हुनेछ । यस्तो व्यवस्थामा शिक्षा, स्वास्थ्य, रोजगार, आवास, खाद्य सम्प्रभुता र सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा प्रत्याभूति गर्नेछ । समाजका सबै वर्ग, जाति, क्षेत्र, लिंग र समुदायलाई समृद्ध बनाउने विकास र समन्यायिक वितरणले समुन्नत समाज निर्माण हुन्छ । मुलुकभित्र विद्यमान आर्थिक विभेदलाई क्रमशः न्यूनीकरण गर्दै, सामाजिक विभेदको अन्त्य गर्न तथा असहायहरूको सुरक्षा गर्ने दायित्व राज्यको हुनेछ । यस अन्तर्गत प्रलोपाको प्रतिबद्धता निम्नानुसार हुनेछन् ।

- निःशुल्क शिक्षा र स्वास्थ्य सेवा
  - निशुल्क गुणस्तरीय उच्च शिक्षासम्म सबै नागरिकको पहुँचको दायित्व राज्यको हुनेछ ।
  - सबै नागरिकको स्वास्थ्यको सम्पूर्ण दायित्व राज्यको हुनेछ ।
- गरिबी निवारण : निरपेक्ष गरिवीको रेखामुनि रहेका परिवारको संख्या क्रमशः शुन्यमा झारिनेछ ।
- सामाजिक विभेदको अन्त्य
  - महिला हिंसाको अन्त्य र आर्थिक-सामाजिक सशक्तीकरणलाई प्राथमिकतामा राखिनेछ ।
  - दलित समुदायप्रति हुने सबै प्रकारको विभेदको उन्मुलन गरी जात-व्यवस्था खारेज गरिनेछ । त्यसका लागि नेपाली समाजमा विद्यमान जात-व्यवस्था विरोधि प्रगतिशील संस्कृतिलाई प्रवर्द्धन, संरक्षण र विकास गरिनेछ ।
- रोजगारी-युवाको मौलिक अधिकार : युवा जनशक्तिलाई सम्मानजनक रोजगारी, जेष्ठ नागरिकको सम्मान र व्यवस्थापनमा राज्यको विशेष भूमिका रहनेछ ।
- असहाय परिवारलाई राहत र संरक्षण
  - सहिद तथा वेपत्ता र विभिन्न आन्दोलनमा घाइते भएका परिवारहरूलाई सरकारी तथा सार्वजनिक सेवा सुविधामा विशेष सुविधा दिइनेछ ।
  - अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख आदिवासी जनजातिहरूको ऐतिहासिक बसोवास क्षेत्रहरूलाई विशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्रको रूपमा राज्यले संरक्षण तथा प्रवर्द्धन गर्ने गरी नीति तथा कार्यक्रमहरू ल्याइनेछ ।
- सन्तुलित क्षेत्रीय विकास : मानव विकास सूचकाङ्कमा कमजोर जाति तथा क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरू लागु गरिनेछ ।
- सुरक्षित खानेपानी : आगामी ५ वर्ष भित्रमा सबै नेपालीका घरमा सुरक्षित खानेपानी सेवा पुऱ्याइनेछ ।

## आ) सामाजिक विकास र समन्यायिक वितरण

### क) शिक्षा तथा सीप विकास

लामो समयदेखि थला परेको शिक्षा प्रणालीलाई जगैदेखि रूपान्तरण गर्न निम्न कार्यहरू गरिनेछ :

- वर्तमान शिक्षा प्रणालीलाई आवश्यकतामा आधारित, सीपमूलक, व्यावहारिक, जीवनोपयोगी र गुणस्तरयुक्त बनाउन नयाँ शिक्षा नीति, कानुन र कार्य योजना घोषणा गरी पूर्णरूपमा लागु गरिनेछ ।
- शिक्षा क्षेत्रमा व्याप्त दलीयकरण र व्यापारीकरणलाई अन्त्य गरिनेछ ।
- सरकारी तथा सार्वजनिक विद्यालयमा उच्च माध्यमिक तहसम्म शिक्षा निःशुल्क गरिनेछ ।
- रैथाने ज्ञान प्रणाली र सिपहरूलाई विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षामा समावेश गरिने छ । अलग्गै विश्वविद्यालय स्थापना तथा आधुनिक ज्ञानविज्ञानहरूसँग जोडेर मौलिक शिक्षा प्रणालीको विकास गरिने छ ।
- सबै शैक्षिक संस्थामा कक्षाको संख्याअनुसार शिक्षक दरबन्दी रहने व्यवस्था गरिनेछ । साथै विज्ञान र कम्प्युटर शिक्षाको दरबन्दी अनिवार्य गरिनेछ ।
- राष्ट्रिय आवश्यकता अनुसार जनशक्ति योजना तयार गरी विद्यालयदेखि विश्वविद्यालयसम्म आधुनिक, वैज्ञानिक र व्यवहारिक शिक्षा लागु गरिनेछ । प्राविधिक तथा सीपमूलक शिक्षालाई प्राथमिकता दिँदै विद्यालय पाठ्यक्रमको पुनर्संरचना गरिनेछ ।
- विद्यालयका विद्यार्थीहरूलाई दिँदै आएको खाजा कार्यक्रमको रकमलाई क्रमशः वृद्धि गर्दै लगिनेछ ।
- शैक्षिक संस्थाहरूमा निःशुल्क इन्टरनेट (फ्रि वाईफाइ)को सुविधा दिइनेछ ।
- नेपाल राष्ट्रिय डिजिटल पुस्तकालय संचालन गरी सबै विद्यार्थीलाई ई-पुस्तक तथा प्रकाशित अनुसन्धानमूलक कृतिमा निःशुल्क सहज पहुँच हुने व्यवस्था गरिनेछ ।
- त्रिभुवन विश्वविद्यालयको पुनर्संचरना गरिनेछ ।
- विद्यार्थीको मूल्याङ्कन तथा गुणस्तरीय अनुसन्धान कृतिहरूको आधारमा शिक्षकलाई सम्मान गरिने व्यवस्था मिलाइनेछ ।
- विश्वविद्यालय शिक्षाका विद्यार्थीलाई नेपाल तथा विश्व बजारको मागसँग एकाकार हुने गरी ज्ञान तथा सीप सिकाइने व्यवस्था गरिनेछ ।
- 'एक पालिका, एक पुस्तकालय'को निर्माण गरी पठन संस्कृतिको विकास गराइनेछ ।
- हरेक प्रदेशमा कम्तिमा एउटा विश्वविद्यालय तथा इञ्जिनियरिङ, कृषि, मेडिकल, आयुर्वेदिक, सूचना-प्रविधि, पर्यटन, टेक्निकल इन्स्टिच्युट र बहुप्राविधिक कलेज स्थापना गरिनेछ ।

### ख) स्वास्थ्य

विकृति विसंगति रोक्न र स्वास्थ्य सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाउन निम्न कार्ययोजना स्वास्थ्य क्षेत्रमा कार्यान्वयन गरिनेछ :

- स्वास्थ्य सेवाको पहुँच र गुणस्तर वृद्धि गर्न नयाँ स्वास्थ्य नीति र विस्तृत कार्ययोजना छ महिनाभित्र घोषणा गरी दुई वर्षभित्र लागु गरिनेछ ।
- नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन स्वास्थ्य केन्द्र र अस्पतालको व्यवस्था गरिनेछ ।
- सबै नागरिकलाई दुई वर्षभित्र स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गरिने व्यवस्था स्थानीय सरकार मार्फत सुनिश्चित गरिनेछ ।
- गर्भवती महिलालाई निःशुल्क नर्सिङ र सुत्केरी सेवा प्रदान गर्न पूर्वाधार र जनशक्तिको व्यवस्था गरिनेछ । गरीब किसान/मजदुर महिलालाई पोषण भत्ता र तीन महिनाको सुत्केरी बिदा दिने व्यवस्था हुनेछ । शिशु स्याहार केन्द्र विस्तार गरिनेछ ।
- राजमार्ग तथा रणनीतिक स्थानमा ट्रमा सेन्टर स्थापना गरिनेछ; आकस्मिक उपचार का लागि हवाई एम्बुलेन्स उपलब्ध गराइनेछ ।
- असहाय रोग, महिला विशेष रोग (स्तन क्यान्सर, पाठेघर खस्ने, पिसाब चुहिने) लगायत समस्याको निशुल्क उपचार गरिनेछ र निशुल्क औषधि वितरण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- बालबालिका (१५ वर्षमुनि), जेष्ठ नागरिक (६५ वर्षमाथि), गर्भवती महिला, एकल महिला, अपाङ्गता भएका, द्वन्दपीडित, दलित, यौनिक/लैंगिक अल्पसंख्यक र गरीबी रेखामुनिका परिवारका लागि निःशुल्क स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- प्रत्येक प्रदेशमा १००० शैयाको अस्पतालसहित मेडिकल कलेज स्थापना गरिनेछ । गाउँ, नगर र जिल्ला स्तरीय अस्पतालको स्तरोन्नति गरिनेछ । अस्पतालमा चौबिसै घण्टा एम्बुलेन्स, फार्मेसी, ल्याब, एक्स-रे, बर्थिङ सेन्टर लगायतको सुविधा उपलब्ध गराइनेछ । उपत्यका बाहिर मेडिकल कलेज खोल्न प्रोत्साहन गरिनेछ ।
- सरकारी अस्पतालमा येलोपेथिक, आयुर्वेदिक, होमियोप्याथिक, प्राकृतिक, स्वरिपा (आम्ची), अकुपंचर लगायतका चिकित्सा सेवा सञ्चालनका लागि नयाँ स्वास्थ्य नीति तयार गर्न तीन महिनाको समयसीमा ताकी एक कार्यदल गठन गरिनेछ ।
- कर्णाली लगायत विकट क्षेत्रमा अस्पताल पुग्न नसकेर ज्यान गुमाउनु पर्ने अवस्थालाई ध्यान दिँदै महिला र आपतकालीन विरामीको ओसारपसारका लागि हेलिकप्टर व्यवस्था गरिनेछ ।
- विभिन्न संक्रामक रोग विरूद्ध नागरिकलाई निरन्तर निःशुल्क खोप उपलब्ध गराइनेछ; संक्रामक रोग नियन्त्रण र उपचारका लागि अस्पतालको पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
- सार्वजनिक स्थल र यातायातमा धूम्रपान/मादकपदार्थ सेवनमा पूर्ण प्रतिबन्ध लगाइनेछ । चुरोट, खैनी, सुर्तीजन्य पदार्थ र मदिरामा उच्च कर लगाइनेछ ।
- स्वदेशमै स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई उपचारको लागि विदेश जानु नपर्ने र विदेशीहरू समेत उपचारको लागि आउने व्यवस्थाको वातावरण बनाई मेडिकल टुरिजम प्रवर्द्धन गरिनेछ ।

## ग) सुरक्षित खानेपानी

- खानेपानी नपुगेका ग्रामीण बस्तीमा स्वच्छ खानेपानी विस्तार गर्दै पाँच वर्षभित्र घर-घरमा सुरक्षित खानेपानी सेवा पुऱ्याइनेछ ।
- काठमाडौं उपत्यकाको खानेपानी आपूर्तिका लागि मेलम्ची खानेपानी आयोजनालाई शीघ्र पूर्णरूपमा सञ्चालनमा ल्याइनेछ ।

## घ) एकीकृत सामाजिक सुरक्षा

निम्न आय भएका परिवार, बालबालिका, जेष्ठ नागरिक, एकल महिला/पुरूष, अपाङ्गता भएका व्यक्ति तथा विपद् प्रभावितलाई दोहोरोपना हटाएर एकीकृत सामाजिक सुरक्षा योजनामार्फत न्यूनतम सुविधासहित जीवनयापनको व्यवस्था गरिनेछ ।

- **विपन्न परिवार**
  - निरपेक्ष गरिबीको रेखामुनि रहेका परिवारको पहिचान गरी विपन्न परिचय कार्ड वितरण तथा अत्यावश्यक वस्तु सुपथ मूल्यमा उपलब्ध गराइनेछ ।
  - गरिब परिवारका सदस्यलाई निःशुल्क सीपमूलक तालिममार्फत रोजगारी र स्वरोजगारीमा सहयोग गरिनेछ ।
  - अति विपन्न परिवारको खानपान, बसोबास, शिक्षा, स्वास्थ्यजस्ता न्यूनतम आवश्यकता परिपूर्तिका लागि राज्यकोषबाट आर्थिक सहायता र आवश्यक कानुनी सेवा निःशुल्क उपलब्ध गराइनेछ ।
- **बालबालिका**
  - बालबालिकालाई दिइँदै आएको पोषण भत्ता ७७ वटै जिल्लाका वडातहबाट उपलब्ध हुने गरी लागु गरिनेछ ।
  - वौद्धिक अपाङ्गता तथा अटिज्म भएका बालबालिकाका लागि विशेष राहत व्यवस्था गरिनेछ ।
  - असहाय, टुहुरा र सडक बालबालिकाको खानपान, शिक्षा र स्वास्थ्यको जिम्मेवारी राज्यले लिने व्यवस्था गरिनेछ ।
- **जेष्ठ नागरिक**
  - जेष्ठ नागरिकको पेन्सनलाई समयानुकूल वृद्धि गर्दै मर्यादित जीवनयापन सुनिश्चित गरिनेछ ।
  - मेडिकल समूहमार्फत् जेष्ठ नागरिकलाई घर-घरमै उपचार सेवा उपलब्ध गराइनेछ ।
  - अपहेलित तथा असहाय जेष्ठ नागरिकका लागि आवास, खानपान र उपचारसहित जेष्ठ नागरिकमैत्री सेवा राज्यले व्यवस्थापन गर्नेछ ।
- **एकल महिला, एकल पुरूष**
  - एकल महिला तथा पुरूषलाई रोजगारीमा प्राथमिकता दिइनेछ ।
  - रोजगारी प्राप्त नभएसम्म उनीहरूलाई जेष्ठ नागरिक सरह भत्ताको व्यवस्था गरिनेछ ।
- **शारीरिक रूपमा फरक क्षमता भएका व्यक्ति**
  - फरक क्षमता भएका व्यक्तिलाई क्षमताअनुसार व्यावसायिक तालिम र रोजगारीको अवसर उपलब्ध गराइनेछ ।
  - सार्वजनिक स्थल तथा कार्यालयहरूलाई फरक क्षमतामैत्री बनाइनेछ ।
  - सम्मानजनक जीवनयापनका लागि एकीकृत फरक क्षमता सामाजिक सुरक्षा कार्यक्रम लागु गरिनेछ ।
- **विपद् जोखिम–** संक्रामक महामारी तथा बाढी, पहिरो, आगलागी जस्ता विपद्का बेला प्रधानमन्त्री विपद् व्यवस्थापन कोष प्रभावकारी परिचालन गरी प्रभावित जनताको शीघ्र उद्धार गरिनेछ ।

शिलापत्र

- **अल्पविकसित क्षेत्र**

मानव विकास सूचकाङ्कमा कमजोर कर्णाली तथा मधेस प्रदेशको कतिपय जिल्लाका विकासका लागि विशेष कार्यक्रमहरू लागु गरिनेछ :

- मधेसलाई खाद्यभण्डारका रूपमा विकास गर्न कृषि आधुनिकीकरणको विशेष एकीकृत योजना लागु गरिनेछ ।
- कर्णालीको द्रुत विकासका लागि विशेष एकीकृत योजना कार्यान्वयन गरिनेछ ।
- सीमान्तकृत जातिको बसोबास रहेका क्षेत्रको विकासका लागि लक्षित विशेष योजना लागु गरिनेछ ।

- **महिला**

लैंगिक समानता र न्यायमा आधारित महिला सशक्तीकरणका लागि निम्नानुसारका कार्यहरू गरिनेछ :

- संसदमा महिलाको ५० प्रतिशत सहभागिता सुनिश्चित गरिनेछ ।
- राज्यका सबै निकायमा महिलाको समानुपातिक-समावेशी प्रतिनिधित्व, निर्णय प्रक्रियामा सहभागिता र नेतृत्व विकास सुनिश्चित गरिनेछ ।
- लैंगिक हिंसा नियन्त्रणका लागि फास्ट ट्र्याक न्याय प्रणाली, राज्यबाट क्षतिपूर्ति, कडा कानुनी कारबाही तथा जिल्लास्तरमा मनोसामाजिक परामर्शसहित पुनर्स्थापना सेवा विस्तार गरिनेछ ।
- घरेलु तथा पारिवारिक कृषि श्रमलाई औपचारिक उत्पादनको रूपमा मान्यता दिई राष्ट्रिय आयमा समावेश गरिनेछ ।
- छात्रामैत्री शिक्षा वातावरणका लागि लैंगिकमैत्री पूर्वाधार, सफा शौचालय, स्यानिटरी प्याड र शिक्षा निरन्तरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- मधेसमा 'बेटी बचाऊ, बेटी पढाऊ' जस्ता महिला शिक्षा तथा सशक्तीकरण अभियानलाई प्रभावकारी बनाइनेछ ।
- उद्यमशीलता, उत्पादन-व्यवस्थापन तालिम, बीउ पूँजी, सहुलियतपूर्ण ऋण र ब्याज छुटमार्फत महिलाको आर्थिक सशक्तीकरण गरिनेछ ।
- कृषि, कुटिर तथा साना उद्योगमा महिलाको क्षमता अभिवृद्धि, स्रोतमा पहुँच र निर्णय प्रक्रियामा सहभागिता बढाइनेछ ।
- दलित, एकल, अपाङ्गता भएका, अल्पसंख्यक, आदिवासी, मधेसी, ग्रामीण तथा विपन्न महिलालाई राजनीतिक, सामाजिक र पेशागत क्षेत्रमा समान अवसर सुनिश्चित गरिनेछ ।
- मानसिक समस्या वा हिंसाबाट प्रभावित महिलाका लागि कानुनी सहायता, स्वास्थ्य सेवा र जीविकोपार्जन सहयोगसहित पुनर्स्थापना व्यवस्था गरिनेछ ।
- गरिबी निवारण तथा सामाजिक सुरक्षा नीतिनिर्माणमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- उच्च शिक्षा र सीपमूलक तालिमका लागि बिना धितो सहुलियतपूर्ण ऋण तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- संविधान संशोधन गरी नागरिकतासम्बन्धी प्रावधानमा भएको महिला विभेद अन्त्य गरिनेछ । पुरूष सरह महिलाको नाम र वंशबाट पनि सन्तानले नागरिकता पाउने सहज व्यवस्था गरिनेछ ।

शिलापत्र

- दलित समुदाय लक्षित कार्यक्रम

दलित समुदायको सम्मानजनक जीवनयापन, आर्थिक समृद्धि र सशक्तीकरणका लागि लक्षित कार्यक्रमहरू कार्यान्वयन गरिनेछ :

- संवैधानिक अधिकार : नेपालको संविधानको धारा २४ र ४० अनुसार दलित अधिकार तथा छुवाछुत-भेदभाव विरूद्धको हक प्रभावकारी कार्यान्वयनका लागि संसदबाट कानुन निर्माण गरी रणनीतिक योजना बनाइनेछ ।
- समावेशीकरण तथा सशक्तीकरण
  अ) राजनीतिक कार्याकारिणी तहमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।
  आ) दलित समुदायको आर्थिक-सामाजिक विकासका लागि दलित विकास परिषद गठन गरिनेछ ।
  भूमिहीन र आवासविहीन दलित समुदायलाई जमिन र आवासको व्यवस्था गरिनेछ ।
  इ) दलित समुदायको नेतृत्वमा अर्धसरकारी बैंक स्थापना गरी आर्थिक विकासको अवसर सिर्जना गरिनेछ ।
- रोजगार अभिवृद्धि कार्यक्रमः
  अ) दलित समुदायका परम्परागत पेशा र सीपलाई आधुनिक तथा व्यवसायिकीकरण गरी रोजगारी र आर्थिक क्षमता बढाइनेछ ।
  आ) हरेक विद्यालयमा कम्तीमा एक जना दलित शिक्षक राखिने व्यवस्था गरिनेछ ।

**इ) युवा, श्रम तथा रोजगार**

**युवा समूहका निम्ति निम्नानुसारका कार्यक्रमहरू ल्याइनेछ :**

- २१-३० वर्षका बेरोजगार युवालाई वार्षिक कम्तीमा १०० दिन रोजगारी वा बराबर को भत्ता उपलब्ध गराइनेछ । युवा रोजगार कोष स्वायत्त र प्रभावकारी बनाइनेछ ।
- विविध क्षेत्रमा रोजगारी र उत्पादनमूलक तालिमको व्यवस्था गरिनेछ । स्टार्टअप उद्यममा युवालाई प्रोत्साहित गरिनेछ ।
- पर्यटक गाइड, होमस्टे, हस्तकला, टेक्सटाइल, कृषि, वागवानी, निर्माण सामग्री, होटल-पार्टी प्यालेस, पेट्रोलपम्प जस्ता क्षेत्रमा तालिम र रोजगारी सुविधा उपलब्ध गराइनेछ ।
- खेलकुद क्षेत्रमा युवालाई प्रोत्साहन, अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार निर्माण, खेलकुद पर्यटन विकास, रंगशाला र खेलकुद महाविद्यालय स्थापना गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका युवालाई जलविद्युत, उद्योग र कृषि क्षेत्रमा लगानी गर्न चाहानेलाई रोजगारी सृजना गर्न आर्थिक सहयोग गरिनेछ ।
- परम्परागत श्रमिक र कर्मचारी मात्र नभई डिजिटल युगको श्रमिकको प्रतिनिधित्व सुनिश्चित गर्दै गिग (छोटो अवधिको काम) अर्थतन्त्र, प्लेटफर्म कामदार र हाइब्रिड काम गर्ने श्रमिकलाई समेटेर श्रम ऐन निर्माण गरिनेछ । औद्योगिक शान्ति कायम गर्दै विभेद, अन्याय र शोषणको अन्त्य गरिनेछ ।

शिलापत्र

## ई) सहिद परिवार, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख आदिवासी जनजाति

- सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता सम्बन्धी आयोगको काम शीघ्र सम्पन्न गरी जनयुद्ध, जनआन्दोलन, जेन-जी आन्दोलन लगायतका संघर्षका सहिद, बेपत्ता र घाइते परिवारलाई सम्मान, पुनर्स्थापना तथा कानुनी आधारमा सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा सुनिश्चित गरिनेछ ।
- अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिको ऐतिहासिक बसोवास क्षेत्रलाई विशेष/संरक्षित/स्वायत्त क्षेत्रका रूपमा विकास गर्दै रोजगारी, क्षमता अभिवृद्धि र सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै जाति-जनजातिका मातृभाषाको संरक्षण, प्रवर्द्धन तथा स्थानीय तहको कामकाजी भाषामा नेपालीसँगै स्थानीय भाषा प्रयोगको व्यवस्था गरिनेछ ।
- यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई पहिचानका आधारमा नागरिकता, शिक्षा-स्वास्थ्यमा विशेष प्रोत्साहन तथा विवाह अधिकार सुनिश्चित गर्न कानुनमा सहजीकरण गरिनेछ ।

## उ) विदेशमा रहने नेपाली

- विदेशमा रहने नेपाली नागरिकहरूलाई आफू बसेकै देश वा नजिकको दूतावास/ वाणिज्य दूतावासबाट मतदानको अधिकार सुनिश्चित गरिनेछ ।
- गैर-आवासीय नेपाली (एनआरएनए)लाई निर्वाद रूपमा तीन पुस्तासम्म नेपाली नागरिकताको निरन्तरता दिइनेछ । देशमा लगानी गर्न, सम्पत्ति कायम गर्न र विकासमा योगदान गर्न सहज बनाइनेछ ।
- ब्रिटिस गोर्खाहरूलाई नेपाली नागरिकताको निरन्तरता दिने व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूको हकहितको रक्षाका निम्ति विशेष कार्यक्रम ल्याइनेछ ।
- कूटनीतिक पहलमार्फत् बेलायत र सिङ्गापुरका कार्यरत ब्रिटिस गोर्खा सैनिकमाथि भएको असमानताको अन्त्य गरिनेछ ।

## ऊ) कला, साहित्य तथा खेलकुद

- गीत, संगीत र खेललाई नरम कूटनीतिको रूपमा विकास गरी कलाकार र खेलाडीलाई राष्ट्रको दूतको रूपमा प्रस्तुत गरिनेछ ।
- कला र साहित्यको माध्यमबाट देशको भूगोल, संस्कृति र सम्पदा अन्तर्राष्ट्रिय स्तरमा झल्काउनका लागि प्रभावकारी कार्यक्रम ल्याइनेछ ।
- चलचित्रलाई सांस्कृतिक उद्योगको रूपमा विकास गरी आधुनिक र पारदर्शी ऐन बनाई विश्व बजारमा ब्रान्डिङ गरिनेछ ।
- चलचित्र बोर्डको आम पुनर्संरचना गरी संस्कृति मन्त्रालय मातहत ल्याइनेछ ।
- खेलकुदको विकासमार्फत् पर्यटनको प्रवर्द्धन र अन्तराष्ट्रिय स्तरमा देशको छवि बढाइनेछ ।

## ण) वातावरणीय संरक्षण र दीगो विकास

मुलकको दीगो विकास र स्वस्थ जीवनको लागि निम्नानुसारको कार्यक्रमहरू लागु गरिनेछ :

- प्राकृतिक संसाधनको संरक्षण– भू-क्षय न्यूनीकरण, माटोमा जैविक पदार्थ वृद्धि, जल प्रदूषण नियन्त्रण, चुरे संरक्षण, वन तथा जैविक विविधता संरक्षणका कार्यक्रम नीतिगत रूपमा प्रभावकारी संचालन गरिनेछ ।
- वैज्ञानिक फोहर व्यवस्थापन– शहरी फोहर व्यवस्थापनमा थ्रीआर (Reuse, Recycle, Reduce) सिद्धान्त लागु गरिनेछ ।
- प्राकृतिक प्रकोप न्यूनीकरण– बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोप संभावित क्षेत्रको वैज्ञानिक अध्ययन गरी जोखिम क्षेत्रको वर्गीकरण र न्यूनीकरण कार्यक्रम लागु गरिनेछ ।
- जलवायु परिवर्तन– जलवायु परिवर्तन अनुकूलन, अनुसन्धान र पूर्व तयारीमा अन्तर्राष्ट्रिय सहकार्य गरिनेछ र कार्बनजन्य ऊर्जा घटाउँदै केही दशकभित्र पूर्ण हरित ऊर्जा प्रयोग गर्ने नीति लिइनेछ ।
- हरित अर्थतन्त्रको विकास– दीर्घकालीन रूपमा अन्तर्राष्ट्रिय नमुना बन्न सक्ने गरी जैविक विविधता र हरित अर्थतन्त्र विकासमा विशेष ध्यान दिइनेछ ।

## त) मानवीय खुसी

मानवीय सुख र खुसीलाई प्रगति र समृद्धिको मुख्य आयाम मान्दै प्रलोपाले यसलाई प्राथमिकतामा राख्नेछ । यसले सुसंस्कृत समाज निर्माण र दीगो आर्थिक विकासका लागि उत्प्रेरक जनशक्ति तयार पार्ने विश्वासकासाथ निम्नानुसारका कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनेछ :

- संस्कृतिको संरक्षण र संवर्द्धन– नेपालको बहुसांस्कृतिक, बहुभाषिक, बहुधार्मिक र क्षेत्रिय विविधतालाई संरक्षण र संवर्द्धनले समाजमा आत्मसन्तुष्टि प्रदान गर्नेछ । त्यसैले प्रलोपाले बहुलसांस्कृतिक आयामको विशेष ध्यान दिने नीति ल्याउनेछ ।
- ध्यान-योग– ध्यान योगले मानिसलाई आत्मिक शान्ति प्रदान गर्ने भएकोले यो क्षेत्रको प्रवर्द्धनका लागि मुलुकका विभिन्न स्थानहरूमा ध्यानयोग केन्द्रहरू खोलिनेछ ।
- खेलकुद विकास– खेलकुदले युवामा शारीरिक तन्दुरूस्ती र खुसीयाली ल्याउने तथा मुलुकको अन्तर्राष्ट्रिय सम्मान बढाउने भएकाले खेलकुदसम्बन्धी कार्यक्रमको प्रवर्द्धनमा विशेष ध्यान दिइनेछ ।
- मनोरञ्जन– काम, आराम र मनोरञ्जनको सन्तुलनका लागि संगीत, साहित्य, खेलकुद, परातात्विक म्यूजियम, विज्ञान पार्क, चिडियाखाना, पुस्तकालय आदि विकास र स्रष्टाको सम्मानमा विशेष ध्यान दिइनेछ ।

## खण्ड ४

## तत्काल निर्णय तथा कार्यान्वयन गरिने प्रतिवद्धता

**४.१ सरकारी मितव्ययीताः** मन्त्री परिषद्को पहिलो बैठकबाट सरकारी मितव्ययीता सम्बन्धी कार्यक्रम घोषणा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**४.२ यथार्थ पत्र सार्वजनिकः** नेपालको समग्र अर्थतन्त्र र सुशासनको अवस्था समावेश गरी एक महिनाभित्र यथार्थ पत्र जारी गरिनेछ ।

**४.३ समृद्ध नेपाल निमार्ण कार्ययोजनाः** यस प्रतिवद्धता पत्रमा गरिएका प्रतिवद्धता समेट्ने गरी समृद्ध नेपाल निमार्णको कार्ययोजना बनाई तीन महिनाभित्र सार्वजनिक गरिनेछ ।

### ४.४ शान्ति प्रक्रियाको पूर्णता, आन्दोलनरत पक्षसँग भएका सम्झौता कार्यान्वयन

- नेपाल सरकार र जेन-जीबीच भएको सम्झौताको स्वामित्व लिई कार्यान्वयन गरिनेछ ।
- नेपाल सरकार र तत्कालिन नेकपा (माओवादी) बीच भएको शान्ति सम्झौता, सत्यनिरूपण तथा मेलमिलाप आयोग र वेपत्ता व्यक्ति छानबिन आयोगको काम प्रभावकारी बनाउँदै बाँकी काम र आन्दोलनरत विभिन्न पक्षहरूसँग भएका सहमतिको कार्यान्वयन यथाशीघ्र सम्पन्न गरिनेछ ।
- लाल आयोगको प्रतिवेदन सार्वजनिक गरी तराई-मधेस आन्दोलनको बेला आन्दोलनकारीमाथि लगाइएका मुद्दा पुनरावलोकन गरिनेछ । अन्यायपूर्वक बन्दी बनाइएका व्यक्तिलाई रिहाइ गरी तराई मधेस लगायत विभिन्न क्षेत्रमा संघर्ष गरेका समूहसँग भएका सहमतिहरू कार्यान्वयन गरिनेछ ।
- सहीद, वेपत्ता, द्वन्द्वप्रभावित र विस्थापितलाई राहत, पुनःस्थापना र घाइते भई उपचार नपाएकाहरूको उपचारको व्यवस्था गरिनेछ । अङ्गभङ्ग भएका व्यक्तिलाई क्षतिपूर्ति र परिवारका कम्तिमा एक जना सदस्यलाई रोजगारी उपलब्ध गराइनेछ ।

### ४.५ सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण

- संघीयता कार्यान्वयनका लागि तीन तहका सरकारको संविधानको अनुसुचीमा व्यवस्था भएको क्षेत्राधिकार र अन्तरसम्बन्ध मिलाई लागु गरिनेछ । साझा अधिकारका लागि आवश्यक कानुन र ऐन प्राथमिकताका साथ तयार पारिनेछ । प्रदेशसँग बाँझिएका ऐन संशोधनका लागि विज्ञसहित कार्यदल गठन गरिनेछ ।
- संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुँदै आएको रकम वृद्धि गरी आवश्यक स्रोत-साधन र जनशक्ति व्यवस्था गरिनेछ ।
- प्रदेश र स्थानीय तहका पूर्वाधार विकासका लागि राजस्वको हिस्सा सदुपयोग भएको आधारमा वृद्धि गरिनेछ । मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा तुलनात्मक रूपमा पिछडिएको पूर्वाधार विकासका लागि विशेष अनुदान दिइनेछ । यी प्रदेशका दलित, पिछडिएका वर्ग र गरिब परिवारका लागि आयआर्जन र कम्तीमा 'एक परिवार, एक महिला' रोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरकारी आयोजना र सार्वजनिक सेवामा अनियमितता र ढिलासुस्ती रोक्न, खर्च घटाउन र वित्तीय अनुशासन कायम गर्न प्रदेश र स्थानीय तहको समन्वयमा प्रभावकारी अनुगमन लागु गरिनेछ।
- तीनै तहका सरकारको सहकार्यमा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । साथै, प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गरिनेछ ।

### ४.६ आधारभूत वस्तुहरूको आपूर्ति श्रृत्तला प्रभावकारी बनाउने

- महँगी, कालोबजारी, मिसावट र कृत्रिम अभाव नियन्त्रण गर्दै खाद्यान्न, पेट्रोलियम र दैनिक उपभोग्य वस्तुहरूको सहज आपूर्ति सुनिश्चित गरिनेछ । दुर्गम क्षेत्रमा नून, चिनी, चामल, औषधि, बिउ, मल जस्ता अत्यावश्यक वस्तु अभाव नहुने व्यवस्था गरिनेछ । लक्षित वर्गका राहत कार्यक्रम तत्काल घोषणा गरी क्रमिक रूपमा कार्यान्वयन गरिनेछ ।
- जनसाधारणलाई आधारभूत आवश्यकताका वस्तुहरू प्रभावकारी ढंगले आपूर्ति गर्न खाद्य कम्पनि, साल्ट ट्रेडिङ, कृषि सामाग्री कम्पनि, टिम्बर कर्पोरेशन लगायतका संस्थालाई एकीकृत गरी “राष्ट्रिय आपूर्ति निगम” कोरूपमा स्थापना गरिनेछ ।
- प्रमुख कृषि उपजहरूको समर्थन मूल्य तोकी आपूर्ति निगमले कृषकहरूबाट कृषि उपज खरिद गरी भण्डारण व्यवस्था गरिनेछ ।
- स्थानीय पालिकाको सहकार्यमा निश्चित विधि निर्माण गरी हरेक सेवा केन्द्रमा सस्तो पसल सञ्चालन गरिनेछ ।
- कृषि तथा पशुजन्य उत्पादन उत्पादकबाट उपभोक्तासम्म पुग्ने अवस्था सिर्जना गर्न सहकारी संस्थामार्फत् मूल्य शृंखला निर्माण गरिनेछ ।
- सहकारी संकलन केन्द्र र थोक कृषि बजार सञ्चालनका लागि सार्वजनिक जग्गा उपलब्ध गराइने, आधारभूत संरचना र ढुवानी वाहनमा अनुदान दिइनेछ । कृषकका लागि मल, बीउ, प्राविधिक र वित्तीय सेवा उपलब्ध गराइनेछ । सबै थोक बजारमा अखाद्य फोहोर संकलन केन्द्र राखेर जैविक वस्तु उत्पादन केन्द्रमा पठाउने व्यवस्था गरिनेछ ।
- कर्णाली प्रदेश लगायत मानव विकास सूचकाङ्क कम भएका अन्य क्षेत्रहरूमा गर्भवती तथा सुत्केरी महिला र कुपोषण प्रभावित बालबालिकालाई न्यूनतम पोषणका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

शिलापत्र

### ४.७ प्रभावकारी सार्वजनिक यातायात

- काठमाडौं उपत्यका र प्रमुख शहरमा सरकारी स्तरबाट सुरक्षित र सुविधायुक्त विद्युतीय सवारी सञ्चालन गरी सार्वजनिक यातायात प्रभावकारी बनाइनेछ ।
- हालका यातायात व्यवसायीलाई संयुक्त रूपमा मिली सहकारी संस्था वा कम्पनीमा शेयर लगानी गरी तोकिए बमोजिमका विद्युतीय सुविधायुक्त ठूला सार्वजनिक साधन संचालन गर्न सहुलियत प्रदान गरिनेछ ।
- निजी क्षेत्रको सिन्डिकेट हटाउने र सिण्डिकेटले रूटको शुल्क उठाउने कार्य समेत पूर्णरूपमा उन्मूलन गरिनेछ ।

### ४.८ वातावरण संरक्षण, पर्यावरणीय सन्तुलन

- सवारी साधनको प्रदुषण परिक्षणलाई प्रभावकारी बनाइनेछ ।
- फोहर उत्पादन हुने हरेक बस्तीमा व्यवस्थित फोहर संकलन केन्द्र संचालन गरिनेछ । साथै फोहरमैलाको प्रभावकारी व्यवस्थापन गर्न हरेक टोलमा फोहोर संकलन केन्द्र बनाई फोहोरबाट आर्थिक आर्जनको कार्य गरिनेछ ।

- वातावरणमा प्रतिकूल असर पार्ने खालका भट्टा, कारखाना र उद्योग घना बस्तिबाट स्थानान्तरण गरिनेछ ।
- पर्यावरणमा समस्या उत्पन्न हुने गरी मुनाफाका लागि प्राकृतिक स्रोतसाधनको दोहन हुन दिइने छैन । चुरे क्षेत्रको उत्खनन गरी ढुंगा गिटी, बालवुा निर्यात गर्ने कार्यलाई रोक लगाई तराई मधेसको मरूभूमीकरण रोक्ने कार्य गरिनेछ ।

**४.९ वित्तीय स्रोत व्यवस्थापन**

**क) आन्तरिक स्रोत**

- मुलुकलाई समृद्धिको दिशातिर डोऱ्याउनको लागि भौतिक पूर्वाधार निर्माण, रोजगारी सिर्जना र वैदेशिक व्यापार घाटा नियन्त्रण गर्ने कार्यका साथै सामाजिक क्षेत्रको विकास र विस्तारका लागि निकै ठूलो श्रोत-साधनको आवश्यकता पर्ने भएकोले सर्वप्रथम आन्तरिक श्रोत वृद्धि गर्न विशेष कार्ययोजना तत्काल कार्यान्वयन गरिनेछ ।
- विशेष प्रकारका पूर्वाधार आयोजनाको लागि आयोजना ऋणपत्र (बण्ड) जारी गरिनेछ ।
- स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिकहरूलाई मुलुकको विकास-निर्माणका आयोजनाहरूमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- पूँजीगत खर्चका आयोजनाहरूलाई शुरूमा श्रोत सुनिश्चिताकोमात्र व्यवस्था गर्ने र खूद कार्यप्रगतिको आधारमा बास्केटबाट रकम भुक्तानी दिने व्यवस्था गरिनेछ ।

**ख) बाह्य स्रोत**

- वैदेशिक ऋण मूलतः पूर्वाधार क्षेत्रमा उपयोग गर्ने र वैदेशिक ऋण भुक्तानीलाई पारदर्शी बनाई वैदेशिक लगानी वृद्धि गर्ने नीति तथा कार्यक्रम ल्याइनेछ ।
- वार्षिक बजेट एवं आवधिक योजना निमार्ण गर्दा वैदेशिक ऋण माथिको निर्भरता क्रमश घटाउदै १० बर्षमा शून्य बनाउने गरी स्रोत व्यवस्थापन गरिनेछ ।
- मुलुकको आवश्यकतामा आधारित व्यवसायिक रूपले सम्भावित विभिन्न क्षेत्रका परियोजना पहिचान गरी परियोजना बैंक तयार गरी लगानीको लागि आव्हान गरिनेछ ।
- नेपालमा लगानीको अवसर बारेमा विदेशका संभाव्य लगानीकर्तालाई जानकारी दिई लगानी भित्र्याउने कार्यलाई द्रुतता दिन र ठूला परियोजनाहरूमा G2G आधारमा समेत लगानी भित्र्याउन आर्थिक कूटनीतिमा विदेशस्थित नेपाली नियोगलाई जिम्मेवारी दिइनेछ ।
- विकास साझेदार संस्था तथा मुलुकहरूलाई नेपालको द्रुत आर्थिक-सामाजिक विकासमा सहयोग गर्न ठूलो मात्रामा अनुदान तथा सफ्ट ऋण उपलव्ध गराउन प्रोत्साहन गरिनेछ ।
- सरकारले प्राप्त गर्ने वैदेशिक सहायता प्रमुखरूपमा आर्थिक तथा सामाजिक पूर्वाधारमा लगानी गर्ने, बजेटभन्दा बाहिर प्राप्त हुने सहयोगलाई हतोत्साहित गर्ने, क्षमता विकास, अध्ययन, परामर्श, कार्यशाला, गोष्ठी जस्ता क्रियाकलापलाई न्यूनतम मात्रामा राखी प्राप्त सहयोगको ठूलो अंश लक्षित कार्यमा खर्च हुने व्यवस्था गरिनेछ ।
- वैदेशिक सहायतालाई बजेटरी प्रणालीमार्फत् सरकारको स्वामित्व र नेतृत्व हुने गरी भौतिक पूर्वाधारको निर्माणलगायतका राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गरिनेछ ।

### ४.१० पूँजीगत खर्च कार्यान्वयन संयन्त्र

- पूँजीगत खर्च वृद्धि र प्राथमिकताप्राप्त ठूला आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकाय एवं क्षेत्रसँग समन्वय गर्न राष्ट्रिय विकास समस्या समाधान समितिलाई सक्रिय बनाइनेछ ।
- विभागीय मन्त्रीलाई जिम्मेवार तुल्याउने, नतिजा हासिल गर्न नसक्ने मन्त्रीको जिम्मेवारी परिवर्तन गर्ने, निश्चित अवधि तोकी आयोजना प्रमुख नियुक्त गर्नुका साथै पुरस्कार र दण्ड सजायको प्रभावकारी व्यवस्था गर्ने, भौतिक पूर्वाधार आयोजनाहरूमा आयोजना प्रमुख सो आयोजनाभरिको निमित्त रहने व्यवस्था गर्ने र कार्यप्रगति सन्तोषजनक नभएको प्रमाणित भएको अवस्थामा बाहेक अन्य अवस्थामा आयोजना प्रमुख फेर्ने परिपाटीको अन्त्य गरिनेछ ।
- विज्ञ र प्राविधिक कर्मचारीहरू कन्ट्र्याक्टमा लिन व्यवस्था गरिनेछ ।
- देशभित्र र विदेशमा रहेका विज्ञ तथा अनुभवी व्यक्तिलाई सरकारी क्षेत्रका पूर्वाधारमा तोकिएको अवधिमा काम गरी राष्ट्र निर्माणमा सहभागी हुन आम आव्हान/आमन्त्रण गरिनेछ ।

### ४.११ शान्ति सुरक्षा, सुशासन र सदाचार

- गणतन्त्र स्थापनापछि सार्वजनिक पद र राजनीतिक दलको पदाधिकारीमा बसेको व्यक्ति र उनको परिवारको सम्पति छानविन गरी कार्वाहीको सिफारिस गर्न एक उच्च स्तरीय न्यायिक छानविन आयोग गठन गरिनेछ ।
- समाजमा शान्ति सुव्यवस्था कायम गर्न अपराध र अराजकता नियन्त्रण गरी दण्डहीनताको अन्त्य गर्न कडा कदम चालिनेछ ।
- कानुनी राज्यको मान्यताअनुसार सुशासन सुनिश्चित गर्न सबै राज्य संयन्त्रलाई निष्पक्ष, पारदर्शी र जनउत्तरदायी बनाइनेछ ।
- राज्यका नियुक्ति र पदोन्नति क्षमता, योग्यता, वरिष्ठता र कार्यसम्पादनका आधारमा पारदर्शी प्रणालीबाट गरिनेछ; राजनीतिक नियुक्ति विज्ञमा सीमित गरिनेछ । निजामति सेवा, सेना र प्रहरी सेवाबाट निवृत्त व्यक्तिलाई राजनीतिक नियुक्ति नगर्ने व्यवस्था गरिनेछ ।
- प्रशासनिक सुधारका लागि इ-गर्भनेन्समार्फत सेवा प्रवाहलाई झन्झटरहित, फेसलेस र एकद्वार प्रणालीबाट प्रभावकारी बनाइनेछ ।
- अख्तियार दुरूपयोग अनसुन्धान आयोग र राष्ट्रिय सर्तकता केन्द्रजस्ता भ्रष्टाचार नियन्त्रणका अंगलाई प्रभावकारी बनाइनेछ ।
- स्थानीय तहका पालिकाहरूको वित्तीय सुशासन कायम गर्न केन्द्र र प्रदेशबाट अनुगमन गरिनेछ ।
- सबै प्रदेशबाट चालक अनमुति पत्र तथा राहदानी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- सहज रूपमा वितरणसहित राष्ट्रिय परिचय-पत्र प्रणालीलाई देशभर लागु गरिनेछ ।
- जनसंख्या र भौगोलिक आधारमा पालिका स्तरमा आवश्यकता अनुसार एकिकृत सेवा केन्द्र स्थापना गरिनेछ ।
- सार्वजनिक विदा पुनरावलोकन गर्ने, राज्य प्रमुखको औपचारिक भ्रमणको समय र विभिन्न पदका व्यक्तिको मृत्युमा दिइने सार्वजनिक विदा दिने चलन बन्द गरिनेछ ।

## ४.१२ राष्ट्रिय हितको संवर्द्धन

- देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र जनताको जिउधन रक्षाको पूर्ण प्रत्याभूति हुने गरी राष्ट्रिय सुरक्षा नीतिमा आवश्यक परिमाजर्न गरी कार्यान्वयन गर्ने र देशको स्वाभिमानको रक्षा गर्ने कार्य गरिनेछ ।
- लिम्पियाधुरा, कालापानी र लिपलेक लगायतका समाधान हुन बाँकी सीमा समस्या छिमेकी मलुकसँग कूटनीतिक माध्यमबाट समाधान गरिनेछ ।
- राष्ट्रिय हित प्रतिकूल रहेको सन्धि संझौताको पुनरावलोकन गरी आवश्यकता अनुसार खारेजी, परिवर्तन, संशोधन वा परिमार्जन गर्न उच्च स्तरिय अध्ययन कार्यदल बनाइनेछ ।
- सुरक्षा अङ्गको व्यवसायिकतामा जोड दिँदै मनोबल उच्च बनाउन आवश्यक साधन स्रोत उपलब्ध गराइनेछ ।
- नेपाल–भारत सीमामा दुवै मुलुकका नागरिकको आवागमनलाई व्यवस्थित गर्न र नेपालको अन्तर्राष्ट्रिय सीमाको पूर्ण रक्षा गर्नका लागि भारतसँग जोडिएको सीमामा भइरहेको नक्साङ्कन वा नापीलाई उच्च तहबाट ध्यान दिई नेपाली भू-भागको सुरक्षा गरिनेछ ।
- सीमावर्ती क्षेत्रमा भारतद्वारा बनाइएका सडक तथा बाँधको कारण वर्षेनी नेपाली भूमिमा हुने डुबानको समस्या कूटनीतिक पहलबाट समाधान गरिनेछ ।

# खण्ड ५

# आत्मालोचना, स्वघोषणा र आचारसंहिता

हाम्रा उम्मेदवारहरू व्यक्तिगतरूपमा देहायबमोजिम आचारसंहिता पालना गर्नेछन् :

- राजनीति लाई पेशाको रूपमा नभई सेवाको रूपमा ग्रहण गर्नेछन् ।
- राष्ट्र र जनताको सेवा सर्बोपरी ठान्नेछन् ।
- समाजमा भ्रष्टाचारविरोधी अभियन्ताको रूपमा क्रियाशील रहनेछन् ।
- अरूभन्दा फरक र दृष्टान्त स्थापित हुने आचरण प्रदर्शन गर्नेछन् ।
- वैकल्पिक राजनीतिक संस्कृतिको दृष्टान्त पेश गर्नेछन् ।

## खण्ड ६
## मतदाताहरूसँग अपिल

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

जेन-जी आन्दोलनको सन्दर्भमा २०८२ फाल्गुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन निकै दूरगामी महत्वको छ । संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएपश्चात् भएका निर्वाचनपछि बनेका कुनै पनि सरकारले पूरा कार्यकाल पूरा गर्न नसकेकाले हाम्रो निर्वाचन प्रणाली र शासकीय स्वरूपमा त्रुटीहरू छन् र त्यो त्रुटी नसच्याएसम्म देशमा राजनीतिक स्थिरता नहुने र राजनीतिक स्थिरताबिना देशमा सुशासन र समृद्धि नआउने जेन-जी आन्दोलनले समेत यसलाई पुष्टी गरेको छ । यही तथ्यलाई आत्मसात् गर्दै हामीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक हुनुपर्ने आह्वान गरेका छौं । समावेशीता, संघीयता, सुशासन, समृद्धि र समुन्नत समाजवादको ध्येय अनुसरण गर्ने प्रगतिशील लोकतान्त्रिक पार्टीको रूपमा वैकल्पिक शक्ति निर्माण गरेर तपाईंहरू समक्ष उपस्थित भएका छौं ।

हामी अहिले शैशवकालमै छौं । तर हाम्रो दृष्टिकोण र लक्ष्य प्रस्ट छ । आगामी दिनमा देशमा प्रगतिशील, लोकतान्त्रिक र समाजवादी शक्तिहरूको वृहत् ध्रुवीकरण गरेर भर पर्दो वैकल्पिक शक्ति निर्माण गर्ने हाम्रो लक्ष्यसहित यो आम निर्वाचनमा प्रस्तुत भएका छौं ।

अवस्था परिवर्तनको अबको अभियानमा नयाँ मूल्य र मान्यतासहितको राजनीतिको आवश्यकता छ । 'समृद्ध नेपाल' बनाउने नयाँ अभियानमा हामी प्रतिबद्ध छौं । यस महान् अभियानमा तपाईंहरूको पूर्ण साथ र समर्थन आवश्यक छ ।

प्रगतिशील लोकतान्त्रिक पार्टी निर्वाचनमा आफ्ना चुनाव चिन्ह खुलेको एकल 'आँखा' लिएर तपाईंहरूसमक्ष उपस्थित भएको छ । अतः खुलेको एकल 'आँखा' चुनाव चिन्हमा मतदान गरेर प्रतिनिधि सभाका प्रत्यक्ष तथा समानुपातिक तर्फका उम्मेदवारहरूलाई विजयी बनाउन हामी सबै आदरणीय मतदाताहरूसँग विनम्र अनुरोध गर्दछौं ।

धन्यवाद !

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)

शिलापत्र



शिलापत्र